# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २८९ | काठमाडौं | बिहीबार, ०१ फागुन २०८१ | Prabhab National Daily | Thursday, February 13, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं ।**

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो.
- आफ्ना प्रतिनिधिहरु मार्फत शासनमा नागरिकको सहभागिता प्रजातान्त्रिक ब्यवस्थाको मर्म हो,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो,
- प्रजातन्त्र एक पद्धती, व्यबहार र आचरण पनि हो,

*त्यसैले,*

- प्रजातान्त्रिक संस्कार, आचार र ब्यवहारको अवलम्बन प्रत्येक नागरिकको कर्तव्य हो,
- त्यस तर्फ सचेत बनौं
- ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




मेलम्ची खानेपानीको पाइप फुटेपछि बुधबार जलमग्न बनेको काठमाडौंको बबरमहल क्षेत्र । नेपाल विद्युत् प्राधिकरणले विद्युत्का तार अण्डरग्राउण्ड गर्नका लागि 'ड्रिलिङ' गर्ने क्रममा खानेपानीको पाइप फुटेको बताइएको छ । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

## पोलापोल अनि मेलमिलाप : भ्रष्टाचारमा राष्ट्रिय सहमति

- गिरिबन्धु टी स्टेट घोटाला प्रकरण चर्काएको नेपाली कांग्रेस यतिबेला एमालेसँग मिलेर सरकार सञ्चालन गरिरहेको छ भने यो विषयमा दुवै दल मौन छ
- एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी ओलीलाई बेलाबेला काँध हलेका कारण प्रतिपक्षी दलहरूले पनि यसबारेमा आवाज उठाउन सकेका छैनन्
- टेरामक्स, बाँसबारी जग्गा प्रकरण, बालमन्दिर प्रकरण सत्तारूढ दलको मेलमिलापले फाइल नै बन्द हुने अवस्थामा पुगेको छ

■ **प्रभाव संवाददाता**



**प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवा ।** *फाइल तस्बिर*

**काठमाडौं–** सुशासन र भ्रष्टाचारमा नेपालको पछिल्लो स्थिति पुनः ओरालो लागेको तथ्य सार्वजनिक भएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले मंगलबार सार्वजनिक गरेको तथ्यांकमा नेपालले ३४ नम्बर पाएको हो । अघिल्लो वर्ष नेपालले थोरै सुधार गर्दै ३५ नम्बर पाएको थियो । ५० भन्दा कम अंक पाउने मुलुकलाई ट्रान्सपरेन्सी इन्टरनेसनलले अति भ्रष्टाचार हुने देशको सूचीमा समेट्दै आएको छ ।

अहिले प्रतिनिधिसभाका सबैभन्दा ठूला दुई दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको सरकार छ । प्रतिपक्षमा हुँदा नेपाली कांग्रेसले गिरिबन्धु टी स्टेटको मुद्दा जोडतोडले उठाएको थियो । अहिले कांग्रेस नेताहरू यस विषयमा चुपचाप छन् । कारण सरकारमा सहकार्य ।

सुशासनको विषयमा कुनै पनि तर्क गर्न नथाक्ने कांग्रेस महामन्त्री गगन थापाले यो सरकार परिस्थितिको उपज भएको बताएका छन् । 'कांग्रेस र एमाले मिलेर सरकार बनाउने परिस्थिति निर्माण भयो । हामीले गरेको होइन । त्यो आफैं निर्माण भएको हो । कांग्रेससँग एक्लै सरकार चलाउन बहुमत छैन,' बुधबार बुटवल पुगेर महामन्त्री थापाले भने, 'कुनै न कुनै पार्टीसँग मिलेर सरकार चलाउनुपर्ने स्थिति छ । यसको पनि विकल्प खोज्ने भनेर कसैले भन्यो भने विकल्प भनेको के हो ? फेरि अर्को पार्टीसँग मिलेर जानुपर्‍यो ।'

सहकारीको रकम अपचलन प्रकरणमा मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेमाथि संसदीय छानबिन समितिको माग गर्दै कांग्रेसले गिरिबन्धु टी स्टेटको मुद्दा जोडतोडले उठाएको थियो । कम मूल्य पर्ने जग्गासँग गिरोह नै लागेर जग्गा साटासाट गरेको विषय जोडिएको यो मुद्दा प्रधानमन्त्री केपी शर्मा ओलीसँगै जोडिएको छ । यसैले पनि अहिले यो विषयमा सत्तारुढ दल मौन देखिन्छन् । यता एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीलाई बेलाबेला काँध हलेका कारण प्रतिपक्षी दलहरूले पनि यसबारेमा आवाज उठाउन सकेका छैनन् ।

क्रमशः पृष्ठ २ मा

### शंखरापुरमा स्कुल बस दुर्घटना

## तीन जनाको मृत्यु, ४० घाइते



काठमाडौं (प्रस)- शंखरापुर नगरपालिकामा बुधबार विद्यार्थी बोकेको बस दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । दुर्घटनामा ४० जना घाइते भएका छन् । चाबहिलको मैजुबहालस्थित सत्य साई एकेडेमीको विद्यार्थी बोकेको बस वनभोजबाट फर्कने क्रममा शंखरापुर नगरपालिका-५, कात्तिकेमा दुर्घटना भएको हो । दुर्घटनामा एक शिक्षक र दुई विद्यार्थी गरी तीन जनाको मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।

मृत्यु हुनेमा सुरेश तामाङ (२४), क्रिशल पुरी (११) र शुशांका डोटेल (१४) रहेका छन् । सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-७ घर भएका सुरेश चाबहिल बस्दै आएका थिए ।

क्रमशः पृष्ठ २ मा

## 'जनयुद्ध'को उत्सव मनाउँदै माओवादी न्यायको पर्खाइमै द्वन्द्वपीडित

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले आज देशैभर 'जनयुद्ध' दिवस मनाउँदै छ । माओवादीले जितेका स्थानीय तहहरूले त सार्वजनिक बिदा दिएका छन् । सर्वोच्च अदालतको आदेशका कारण संघ र प्रदेश सरकारले भने बिदा दिएनन् ।

आजकै दिन अर्थात् १ फागुन २०५२ मा तत्कालीन नेकपा माओवादीले 'जनयुद्ध' थालेको थियो । 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंश गर्दै नयाँ जनवादी सत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं' भन्ने मूल नाराका साथ माओवादीले युद्ध थालेको थियो । त्यस रात सिन्धुलीको सिन्धुलीगढी, गोरखाको च्याङ्ली, रोल्पाको होलेरी र रुकुमको आठबीसकोटमा फौजी आक्रमण गरेको थियो । आक्रमण गरेकामध्ये माओवादीले सिन्धुलीगढी र रुकुमको राढी चौकी पूर्णतः नियन्त्रणमा लिंदा अन्य दुईवटामा सकेनन् ।

माओवादी सचिव देवेन्द्र पौडेलका अनुसार युद्धको आधार तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले माओवादीका ४० बुँदे माग सम्बोधन नगर्नु थियो । अनि, नेपालको युद्ध इतिहासमा पहिलोपटक सबैभन्दा लामो अवधि र सुसज्जित हतियारसहित युद्ध भयो । तत्कालीन प्रधानमन्त्री देउवाले अधिकारसँग जोडिएका

क्रमशः पृष्ठ २ मा

> हामीले गौरवमय भन्ने गरेको जनयुद्ध प्रारम्भको दिनलाई नेपालको राजनीतिक इतिहासमा स्वर्णिम अक्षरले लेखिएको छ । अहिले प्राप्त राजनीतिक अधिकार हाम्रै नेतृत्वमा जनताले लडेको युद्धले सम्भव भयो । सामन्ती राजा फालियो, देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रमा ल्यायौं ।
>
> **● देवेन्द्र पौडेल**
> सचिव, माओवादी केन्द्र

> म अध्यक्ष हुँदा धेरै उजुरी लियौं, केहीलाई त तामेलीमा राख्यौं र हामीले ६३ हजारभन्दा बढी उजुरी लिएका थियौं । उजुरीउपर छानबिन गरेर न्याय दिने ढिला भइसक्यो । राजनीतिक इमानदारिता भएन ।
>
> **● डा. गणेशदत्त भट्ट**
> पूर्वअध्यक्ष, सत्य निरूपण तथा मेलमिलाप आयोग

**सन्दर्भः वैदेशिक रोजगार**

## निर्वाचन सार्ने निर्णयपछि विवादमा संघको नेतृत्व

### दबाब बढाउन व्यवसायीले जारी राखे हस्ताक्षर अभियान

■ **ममता थापा**

**काठमाडौं–** फागुन २ गतेका लागि तोकिएको निर्वाचनसहितको साधारणसभा सार्ने निर्णयसँगै नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमिति विवादमा तानिएको छ । संघको विधानविपरीत आफ्नो कार्यकाल लम्ब्याउन अन्तिम समयमा निर्वाचन सारिएको आरोपसहित व्यवसायीहरूले तीव्र आलोचना गरिरहेका छन् ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीसहितका पदाधिकारीहरू गैरजिम्मेवार बन्दै संघको विधान मिचेर आफ्नो कार्यकाल लम्ब्याउने स्वार्थमा लागेको उनीहरूको आरोप छ । संघको कार्यसमितिले निर्वाचनका लागि तोकिएको मिति आउन पाँच दिनमात्र बाँकी रहेको अवस्थामा माघ २७ गते अकस्मात् निर्वाचन स्थगित गर्ने निर्णय गरेको थियो । जसकारण फागुन २ मा हुनुपर्ने निर्वाचन असार १७ मा पुर्‍याइएको छ ।

व्यवसायीहरूले फागुन २ मा नै निर्वाचन गर्नुपर्ने भन्दै दबाब बढाइरहेका छन् । संघमा आबद्ध विभिन्न आठवटा संस्थाले निर्वाचन सार्ने निर्णय खारेजीको माग गर्दै जिल्ला प्रशासन कार्यालय काठमाडौंमा संयुक्त निवेदनसमेत दर्ता गराएका छन् । उक्त निवेदनमा संघको पछिल्लो निर्णय खारेजी गरी पूर्वनिर्धारित मितिमै निर्वाचन सम्पन्न गर्न निर्देशन माग गरिएको छ । यद्यपि, प्रशासनबाट बुधबारसम्म कुनै निर्देशन दिएको छैन ।

व्यवसायीहरूले दबाब बढाउन व्यवसायीहरूको हस्ताक्षरसमेत बुझाउने तयारी गरेका छन् । जसअनुसार मंगलबारबाट सुरु गरेको हस्ताक्षर संकलन अभियानलाई बुधबार पनि निरन्तरता दिइएको थियो । बुधबारसम्म ३०० भन्दा बढी व्यवसायीले हस्ताक्षर गरिसकेको जनाइएको छ । संकलित हस्ताक्षर आज जिल्ला प्रशासन कार्यालयमा बुझाउने तयारी रहेको तराई वैदेशिक रोजगार समाजका वरिष्ठ उपाध्यक्ष अख्तर हुसेनले बताए ।



नेकपा एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चबाहेक सबै संस्थाहरूले निर्वाचन सार्ने निर्णयप्रति आपत्ति जनाएका छन् । तराई वैदेशिक रोजगार समाजका वरिष्ठ उपाध्यक्ष तथा संघको निर्वाचनका प्रथम उपाध्यक्षका उम्मेदवार हुसेन निर्वाचन सार्ने निर्णयले व्यवसायीमा अन्योल सिर्जना गरेको बताए । कामको जस लिने, सत्ता लम्ब्याउने र विभिन्न खाले षड्यन्त्र गर्ने दाउमा वर्तमान कार्यसमिति लागेको उनको आरोप छ ।

के भन्छन् अध्यक्ष भण्डारी ?

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी भने निर्वाचनको समय हेरफेर गर्ने विषयमा कोही पनि छलफल गर्न नआएको दाबी गर्छन् । यद्यपि जिल्ला प्रशासन कार्यालयबाट जस्तो निर्देशन आए पनि आफूहरू मान्न तयार रहेको उनको भनाइ छ ।

'जिल्ला प्रशासनले हाम्रो परिस्थिति बुझ्छ भन्नेमा विश्वास लिएका छौं,' उनले भने, 'व्यवसायीहरू हस्ताक्षर लिएर प्रशासन जानुभन्दा संघमा आएर छलफल गरेको भए उपयुक्त हुन्थ्यो ।'

मिति सार्दा विरोध गर्नेहरू संस्थाको भवन नचाहने पक्षका मानिसहरू भएको आरोपसमेत अध्यक्ष भण्डारीले लगाए । नयाँ नेतृत्वले भवनको बाँकी कामलाई निरन्तरता दिन नसक्ने भएकोले निर्वाचन सारिएको उनको भनाइ छ । 'भवनको काम अन्तिम चरणमा छ ।

क्रमशः पृष्ठ २ मा




**पृष्ठ १ बाट**

## पोलापोल अनि ...

गत पुस १५ गते झापा पुगेका बेला माओवादी अध्यक्ष पुष्पकमल दाहालले गिरिबन्धु घोटाला प्रकरण जसरी पनि छानबिन गर्ने दाबी गरेका थिए । 'मलाई जबरजस्ती तानाशाही तरिकाले प्रधानमन्त्रीबाट हटाइएको छ । गिरिबन्धु, यती, ओम्नी, वाइडबडी घोटालाको फाइल खोलेर नै छाड्छु भनेको छु । मेरो सुई गिरिबन्धुतिर जाँदै थियो । त्यहाँ जाने भनेको ओलीतिर जाने भनेको हो । बेचन झा गिरफ्तार भइसकेपछि सुई अर्कोतिर पनि सोझियो । त्यही भएर आतंक भएको हो तपाईंले ढुक्कसँग बुझे हुन्छ । फाइल खोलेरै छाडिन्छ,' दाहालले भनेका थिए ।

### सत्तारुढलाई धमाधम उन्मुक्ति

सत्तामा दलले विभिन्न कारण देखाउँदै धमाधम उन्मुक्ति पाउँदै आएका छन् । यसको पछिल्लो उदाहरण हो, ललिता निवास प्रकरणमा भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङलाई उन्मुक्ति । गुरुङले आफूलाई लगाएको गुणको बदला एमालेलाई कीर्तिपुरमा पार्टी कार्यालय बनाउन जग्गासमेत दान दिए ।

अर्को उदाहरण हो बाँसबारी प्रकरण । कांग्रेस सांसदसमेत रहेका डलर अर्बपति विनोद चौधरीले सरकारी जग्गालाई निजीकरण गर्दै स्कुल खोलेको अभियोग थियो । यद्यपि कांग्रेस भएकै कारण चौधरीले यो प्रकरणबाट उन्मुक्ति पाए । चौधरीलाई कुनै दण्डसजाय नदिई सरकारले १० रोपनी जग्गा फिर्ता ल्याएको भनियो ।

यसरी नै गुपचुप छाडिएको अर्को घोटाला प्रकरण हो बालमन्दिरको २९ रोपनी जग्गा । उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहकी दिदी रीता सिंह जोडिएको यस प्रकरणमा सरकारले मुद्दासमेत नचलाउने तयारी गरेको बताइएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले मुद्दा नचलाउन राय दिएको भरमा सरकारी वकिलको कार्यालयले मुद्दा अघि बनढाउने तयारी गरेको बताइएको छ । उपप्रधानमन्त्री सिंह कांग्रेस नेता हुन् । उनले गृहमन्त्री रमेश लेखकलाई यस विषयमा मुद्दा नबढाउन पटक-पटक दबाब दिएको बताइएको छ ।

यसैगरी ५० करोडभन्दा बढी भ्रष्टाचार भएको ठहर गरिएको टेरामक्स प्रकरण पनि अहिले गुपचुप छ । लिकम्युनिकेसन ट्राफिक मनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) खरिद प्रक्रियामा कांग्रेस नेताहरू मोहनबहादुर बस्नेत, ज्ञानेन्द्रबहादुर कार्कीदेखि एमाले नेता गोकुल बास्कोटासम्म संलग्न छन् ।

यता बिना प्रतिस्पर्धा २८ लाख पासपोर्ट छपाइ काण्डमा मुछिएका कांग्रेस नेता एनपी साउदमाथि पनि कुनै मुद्दा अघि बढाइएको छैन । साउद मन्त्री भएको बेला फ्रान्सको आइमिडिया कम्पनीलाई बिना प्रतिस्पर्धा २८ लाख पासपोर्ट छाप्न जिम्मा दिएको थियो । यसो त अहिले सरकारमा रहेका मन्त्रीहरूबाट जनताले सुशासनको कुनै अनुभूति गरेका छैनन् । पर्यटनमन्त्री बद्री पाण्डेदेखि भौतिकमन्त्री दामोदर भण्डारीसम्म भ्रष्टाचार र अनियमिततामा लागेको देखिएको छ । यद्यपि सरकारले छानबिन अघि बढाउन मानिरहेको देखिन्न । यसरी दलहरूले विकासमा हैन भ्रष्टाचारमा राष्ट्रिय सहमति गरिरहेको देखिन्छ ।

यद्यपि, यसअघि बालश्रमिकका रूपमा राखेकी एक बालिकालाई छ वर्षसम्म बन्धक बनाएकी लुम्बिनी प्रदेश सभाकी सांसद रेखाकुमारी शर्मालाई राष्ट्रिय मानवअधिकार आयोगले छानबिन थालेको छ । सरकारी वकिल कार्यालय काठमाडौंले भने मुद्दा नचलाउने निर्णय गरेको थियो । आफ्नो दल एमालेको सरकार र दलका अध्यक्ष ओली प्रधानमन्त्री रहेकै कारण उनीमाथि मुद्दा नचलाउने निर्णय सरकारी वकिलबाट भएको भन्दै अहिले चौतर्फी आलोचना भइरहेको छ ।

■■■

## निर्वाचन सार्ने...

सक्किन लागेको काम अर्को नेतृत्वलाई सुम्पिँदा अनियमितता हुनसक्छ,' उनी भन्छन्, 'त्यसैगरी हामीले काम गरेर अन्तिम चरणमा पुर्‍याएको एक सयको संख्या, मागपत्र प्रमाणीकरणजस्ता विषय अब सल्टिने अवस्थामा छ ।'

नयाँ आउने कार्यसमितिलाई तीन-चार महिना प्रक्रिया बुझ्नै लाग्ने भण्डारीले जिकिर गरे । 'यदि अर्को कार्यसमितिले यसलाई निरन्तरता नदिए व्यवसायीलाई फेरि यसले दुःख दिन्छ । हामी अब धेरै समय लगाउँदैनौं । काम चाँडै सकिएको अवस्थामा चुनाव असार १७ गतेभन्दा अगाडि सर्नसक्छ, यसमा ठूलो समस्या छैन,' उनले भने ।

■■■

## 'जनयुद्ध'को उत्सव...

माओवादीका मागहरू संविधान संशोधन गरेर सम्बोधन गरेको भए युद्ध नहुने उनी बताउँछन् । तर, देउवाले नजरअन्दाज गर्दा माओवादी युद्धमा होमिनुपरेको पौडेलले बताए । युद्धकै कारण नेपाली जनता एकात्मक र राजतन्त्रात्मक व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आइपुगेको उनको भनाइ छ ।

'हामीले गौरवमय भन्ने गरेको जनयुद्ध प्रारम्भको दिनलाई नेपालको राजनीतिक इतिहासमा स्वर्णिम अक्षरले लेखिएको छ । अहिले प्राप्त राजनीतिक अधिकार हाम्रै नेतृत्वमा जनताले लडेको युद्धले सम्भव भयो । सामन्ती राजा फालियो, देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रमा ल्यायौं,' उनले प्रभावसँग भने ।

पूर्वसभामुख स्वर्गीय दमननाथ ढुंगानाले जीवित छँदा देउवाले संविधान संशोधन गरेर माओवादीका केही जायज माग सम्बोधन गर्ने वचनमात्रै दिएको भए देशले १० वर्षसम्म द्वन्द्व झेल्नु नपर्ने बताउँथे । सोही युद्धमा १७ हजारले ज्यान गुमाए । कयौं घाइते भए । हराजौंको संख्यामा बेपत्ता छन् । तर, ५ मंसिर २०६३ मा १२ बुँदे समझदारी भयो । देशमा राजनीतिक परिवर्तनको ढोका खोलेर युद्ध अन्त्य भयो । शान्ति पुनर्वहाली भयो । माओवादी सचिव पौडेल ७४ वर्षअघि नेपाली जनताले राखेको संविधानसभाबाट संविधान लेख्ने सपना जनयुद्धको बलमा पूरा भएको बताउँछन् ।

'आफ्नै प्रतिनिधिबाट संविधान लेख्ने नेपाली जनताको सपना २००७ सालदेखिकै थियो, जुन हामीले थालेको युद्धले सम्भव तुल्यायो,' उनले भने । माओवादीले संघीयता, गणतन्त्र, लोकतन्त्र, धर्मनिरपेक्षता, समावेशिता, समानुपातिक प्रणालीजस्ता राजनीतिक अधिकार प्राप्तिको जग 'जनयुद्ध' नै भएको दाबी गर्दै आएको छ । युद्धको थालनी गर्दा माओवादी केन्द्रीय कमिटीमा पुष्पकमल दाहाल, मोहन वैद्य, डा. बाबुराम भट्टराई, रामबहादुर थापा मगर, हरिभक्त कँडेल, पोष्टबहादुर बोगटी, सिपी गजुरेल, हरिबोल गजुरेल, अग्निप्रसाद सापकोटा, मात्रिकाप्रसाद यादव, नारायणप्रसाद शर्मा, पम्फा भुसाल, दिनेश शर्मा, फडिन्द्र आचार्य, लोकेन्द्र विष्ट मगर, यानप्रसाद गौतम, दण्डपणि न्यौपानेलगायत गरी जम्मा १९ जना थिए ।

हाल माओवादी कित्ताबाट बाहिर वैद्य, भट्टराई र थापा मगर छन् । बोगटीको निधन भइसकेको छ । विष्ट माओवादी राजनीति छाडेर ड्रागन फ्रुट खेतीमा छन् । उनै नेताहरूको नेतृत्वमा थालनी भएको युद्ध टुंगिएको १८ वर्ष पुग्दासम्म शान्ति प्रक्रियाको बाँकी कार्यभार पूरा भएको छैन ।

संक्रमणकालीन न्यायिक प्रक्रियाअनुसार द्वन्द्वकालीन घटनाका पीडितलाई न्याय दिन सकिएको छैन । सत्य निरूपण तथा मेलमिलाप आयोगका पूर्वअध्यक्ष डा.गणेशदत्त भट्ट राजनीतिक नेतृत्वहरू गम्भीर नहुँदा द्वन्द्वकालीन घटनाका पीडितहरूलाई न्यायमा विलम्ब भएको बताउँछन् । 'म अध्यक्ष हुँदा धेरै उजुरी लियौं, केहीलाई त तामेलीमा राख्यौं र हामीले ६३ हजार बढी उजुरी लिएका थियौं,' उनले भने, 'उजुरीउपर छानबिन गरेर न्याय दिने ढिला भइसक्यो । राजनीतिक इमानदारिता भएन ।'

सत्य निरूपणमा ६३ हजार ७१८ वटा उजुरी छन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा भने तीन हजार १०० वटा छन् । तर, हालसम्म दुवै आयोग पदाधिकारीविहीन छन् । कानुन भने संसद्को बर्खे अधिवेशनबाट पारित भएको हो । त्यसअनुसार पदाधिकारी नियुक्तिका लागि सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा 'सर्च कमिटी' गठन भएको थियो । तर, पदाधिकारी सिफारिस नगरी कमिटीको पदावधि सकियो । यसलाई लिएर द्वन्द्वपीडितहरू चिन्तित छन् । छिटो न्यायको पक्षमा उनीहरू छन् ।

### "जनयुद्ध" कि हिंसाको बखेडा

प्रधानमन्त्री केपी शर्मा ओलीको दल नेकपा एमालेका नेताहरूले माओवादीले भन्दै आएको 'जनयुद्ध'लाई 'हिंसा' भन्दै आएका छन् । मान्छे काट्ने र मार्ने कार्य भएकाले हिंसा भन्नुपर्ने र माओवादीले हिंसाको राजनीति गरेर आएको आक्षेप लगाउँदै आएका छन् ।

माओवादी युद्ध लडेका र हाल एमाले उपाध्यक्ष रहेका रामबहादुर थापाले पनि हिंसा नै भनेका छन् । संसद्को अघिल्लो अधिवेशनमा एमाले सचिव योगेशकुमार भट्टराई, एमाले प्रमुख सचेतक महेश बर्तौला, एमालेकै सांसद रघुजी पन्तलगायतले माओवादीले भन्ने जनयुद्धलाई हिंसा भनेका थिए ।

माओवादीले हिंसा शब्दको प्रतिवाद गर्दै आएका छन् । माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेल झापाकाण्ड होस् वा अन्य राजनीतिक माग राखेर गरेको आन्दोलनलाई हिंसा भन्न नमिल्ने बताउँछन् । उनी मूलतः एमालेले 'जनयुद्ध'को अपमान गरेको बताउँछन् ।

■■■

## तीन जनाको...

यस्तै, क्रिशल मोरङको उर्लाबारी नगरपालिका-७ स्थायी घर भई काठमाडौंको कपन बस्दै आएका थिए । अर्का मृतक शुशांका सिन्धुपाल्चोक घर भइ हाल काठमाडौंको भिमसेनगोला बस्थे । सुरेशको नेपाल मेडिकल कलेज, क्रिशलको त्रिवि शिक्षण अस्पताल-महाराजगञ्ज, शुशांकाको शंखरापुर अस्पतालमा मृत घोषणा गरिएको प्रहरीले जनाएको छ ।

प्रहरी उपरीक्षक बोहराले ब्रेक फेल भएर स्कुल बस दुर्घटना भएको पाइएको बताए । दुर्घटनामा ४० जना घाइते भएका छन् । घाइतेहरूको शंखरापुरस्थित पिपुल्स लाइफ केयर अस्पताल, जोरपाटीस्थित नेपाल मेडिकल कलेज र महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । विद्यार्थी बोकेको सुन्दरीमाइ यातायातको बा २ ख ७९५८ नम्बरको बस बुधबार दिउँसो वनभोजबाट फर्कने क्रममा ४:५० बजेको समयमा दुर्घटना भएको थियो । बसमा २ देखि ९ कक्षासम्मका विद्यार्थी थिए । उनीहरू नगरकोटमा वनभोज खान गएका थिए ।


**साउदीमा रोजगार** कम्पनी : FAYA CATERING SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318628 चलानी नं. ६०२३२९०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1500 | ५५,२७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SOUTHERN EXCAVATIONS CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318679 चलानी नं. ६०२३२९०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRILLING WORKER | 1 | 0 | 1300 | ४७,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**साउदीमा रोजगार** कम्पनी : Nayef Saleh Al Budawi and Partners Company;One Person Company

पूर्व स्वीकृति मिति : २०८१/१०/३० LT. No. 318774 चलानी नं. ६०२३२९३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६६,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ८ र ९ गते (20 & 21 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Govt. License 771/065/066
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547, E-mail : asmitainternational2013@gmail.com

**साउदीमा रोजगार** कम्पनी : Eastern Itqan Equipment Rental Establishment

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318634 चलानी नं. ६०२३२९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver. | 3 | 0 | 2500 | ९२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**साउदीमा रोजगार** कम्पनी : China Energy Engineering Group Guangdong Power Engineering Company Limited

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318723 चलानी नं. ६०२३२९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 20 | 0 | 1200 | ४४,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

**कुवेतमा रोजगार** कम्पनी : QUIET SALON FOR LADIES BEAUTY COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318655 चलानी नं. ६०२३२८९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Technicians | 0 | 2 | 150 | ६७,१६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

**कुवेतमा रोजगार** कम्पनी : Flat Cylinder Auto Repair Garage Company

पूर्व स्वीकृति मिति : २०८१/१०/३० LT. No. 318760 चलानी नं. ६०२३२९५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Electrician | 1 | 5 | 150 | ६७,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Car Denter | 1 | 0 | 150 | ६७,१२० | | | | | | | |
| 3 | Car Mechanic | 1 | 5 | 150 | ६७,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
श्रम इजाजत नं. १६६९/०८०/०८१
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बिहीबार, ०१ फागुन, २०८१

| | |
|---|---|
| **मेष** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| **वृष** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| **मिथुन** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| **कर्कट** | सुखद् समाचारले उत्साह जगाउन छ । |
| **सिंह** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| **कन्या** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| **तुला** | दिगो कामको जग बसाउन सकिने छ । |
| **वृश्चिक** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| **धनु** | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| **मकर** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| **कुम्भ** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| **मीन** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ फागुन, २०८१ (१३ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.६३ | १३९.२३ |
| युरो | १ को | १४३.०२ | १४३.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.४० | १७२.१४ |
| स्विस फ्रैन्क | १ को | १५१.९१ | १५२.५७ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९७ | ८७.३५ |
| क्यानाडियन डलर | १ को | ९६.६६ | ९७.०८ |
| सिङ्गापुर डलर | १ को | १०२.२५ | १०२.६९ |
| जापानी येन | १० को | ९.१० | ९.१४ |
| चिनियाँ युआन | १ को | १८.९७ | १९.०५ |
| साउदी अरब रियाल | १ को | ३६.९७ | ३७.१३ |
| कतारी रियाल | १ को | ३८.०२ | ३८.१९ |
| थाई भाट | १ को | ४.०७ | ४.०९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.७४ | ३७.९१ |
| मलेसियन रिङेट | १ को | ३१.०१ | ३१.१५ |
| दक्षिण कोरियन वन | १०० को | ९.५४ | ९.५८ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.१८ | १९.२६ |
| हङकङ डलर | १ को | १७.७९ | १७.८७ |
| कुवेती दिनार | १ को | ४४८.७७ | ४५०.७१ |
| बहराइन दिनार | १ को | ३६७.७४ | ३६९.३३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

### नागरिकता ऐन संशोधन विधेयकमा सांसदको सुझाव

# सबै नेपालीले नागरिकता पाउनेगरी व्यवस्थित गरिनुपर्ने



**काठमाडौं–** संसद्मा दर्ता भएको नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ लाई सबै नेपालीले नागरिकताको प्रमाणपत्र पाउनेगरी व्यवस्थित गरिनुपर्नेमा सांसदहरूले जोड दिएका छन् । नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ सम्बन्धी महिला, कानुन र विकास मञ्चले आज यहाँ आयोजना गरेको छलफलमा सांसदहरूले राम्रो व्यवस्था हुँदाहुँदै विधेयकमा केही विषय छुटेको बताए । छुटेका विषयलाई विधेयकमाथि संशोधन प्रस्ताव राखेर व्यवस्थित गर्न सकिने उनीहरूले बताए ।

नेपाली कांग्रेसका सचेतकसमेत रहेकी सांसद सुशीला थिङले नेपालमा सम्बन्ध स्थापित गरेर विदेशमा गएर बच्चा जन्माउने महिलाबाट जन्मिएका बालबालिकाले नागरिकता पाउने सम्बन्धमा विधेयक मौन रहेकाले यसमा संशोधन प्रस्ताव राखिनुपर्ने बताइन्। सांसद कान्तिका सेजुवालले आमाको नामबाट नागरिकता नदिँदा समाजमा आँखाबाट आँसु आउने घटना हुने गरेको सुनाइन् । पूर्वमन्त्री एवं कांग्रेस नेता स्वर्गीय नवीवन्द्रराज जोशी र सांसद सपना राजभण्डारीकी छोरीले नागरिकता बनाउन जाँदा बाबुको नागरिकता ल्याउन भनेको, धार्मिक संस्कारअनुसार मृत्यु संस्कार गर्दा नागरिकता एवं चिना जलाइएकाले ल्याउन नसकी सांसदकै छोरीले समस्या भोग्नुपरेको घटना उनले सुनाइन् ।

सांसद सुशीला सिरपालीले कुनै पनि दल विशेषको नभनी नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ लाई साझा बनाएर संशोधन प्रस्ताव राखेर पारित गरिनुपर्ने बताइन् । सांसद रोशन कार्कीले बाबुको नाम नखुलेको भनी नागरिकता लिन जाँदा महिलाको चरित्रमाथि प्रश्न उठ्ने भएकाले संशोधन प्रस्ताव राखिनुपर्ने बताए ।

सांसद लक्ष्मी तिवारीले नागरिकतामा महिला र पुरुषलाई समान व्यवस्था गरिनुपर्ने विचार राखिन् । सांसद नागिना यादवले नागरिकताका आधारमा राजनीतिक अधिकार पाइने भएकाले सार्वभौमसत्ता, अखण्डता र राष्ट्रियता पनि हेर्नुपर्ने बताइन् । सांसद हर्कमाया विकले नेपालमा नागरिकताका बारेमा धेरै प्रकारका समस्या रहेकाले सकारात्मक रूपमा आएको नागरिकता ऐन संशोधन विधेयकलाई परिस्कृतरूपमा पारित गर्नुपर्ने बताइन् । सांसद सरस्वती सुनुवारले मधेस प्रदेशमा बस्ने ३० प्रतिशत मानिससँग नागरिकता नरहेको उल्लेख गर्दै बाबु, आमाको नागरिकता नहुनेका छोराछोरीले पनि टोली आएका बेला नागरिकता पाएको सुनाइन्। सांसद प्रतीक्षा तिवारीले पुस्तौं पुस्तादेखि नेपालमा बसेका मुसहरले तीन पुस्तादेखि नागरिकता नपाएको सुनाइन् । सांसदद्वय दीपा शर्मा र शान्ति श्रेष्ठले नागरिकताका विषयमा रहेका समस्या समाधान गर्ने गरी संशोधन प्रस्ताव दर्ता गराउने प्रतिबद्धता जनाएका थिए ।

छलफलमा अधिवक्ता सुष्मा गौतमले वंशजको नागरिकता अधिकारको विषय र अंगीकृत नागरिकता राज्यको स्वविवेकको विषय भएकाले सार्वभौमसत्ता, अखण्डता र राष्ट्रियताका बारेमा डराउन नहुने सुझाव दिइन् । बैठकमा वरिष्ठ अधिवक्ता मीरा ढुंगाना, अधिवक्ता बिनु लामा र अधिवक्ता विनोद देवकोटाले महिला, पुरुषलाई समानताका आधारमा नागरिकताको अधिकार हुनेगरी विधेयकलाई परिस्कृत गरिनुपर्नेमा जोड दिएका थिए ।

# पशुपति क्षेत्रमा महाशिवरात्रिको तयारी

**काठमाडौं (प्रस)–** पशुपति क्षेत्रमा महाशिवरात्रिको तयारी सुरु भएको छ । महाशिवरात्रिको तयारीस्वरूप पशुपति क्षेत्रमा सफाइ गरिएको छ । पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. मिलनकुमार थापाको नेतृत्वमा भएको सफाइमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, कोषका कर्मचारी, स्थानीय एवं भक्तजनको पनि सहभागिता रहेको थियो । महाशिवरात्रिमा पशुपतिलाई आकर्षकरूपमा सजाउन रङरोगन गरिने कोषका सदस्यसचिव थापाले बताए ।

महाशिवरात्रिका लागि पशुपति क्षेत्रमा विभिन्न देवी देवताका आकर्षक भित्तेचित्र पनि बनाइने भएको छ । त्यसको काम पनि सुरु भएको कोषले जनाएको छ । पशुपति क्षेत्रमा अहिले महाशिवरात्रिको पूर्वतयारीका लागि काम भइरहेको छ ।

यस वर्ष भारतको प्रयागराजमा चलिरहेको महाकुम्भमा आएका धेरै साधु सन्त पनि आउनसक्ने अनुमान गरेर त्यसै अनुरूपका तयारी सुरु गरिएको कोष, संस्कृति संरक्षण महाशाखाका निमित्त प्रमुख ईश्वर भण्डारीले बताए । महाशिवरात्रिमा पशुपतिनाथ आउने साधु सन्त प्रत्येक वर्ष बढ्ने गरेका छन् । यस वर्ष महाकुम्भकै कारण पनि साधु सन्तको संख्या बढ्ने अनुमान गरिएको छ ।

महाशिवरात्रिको तयारीका लागि सोमबार अथवा मंगलबार नै कोष सञ्चालक परिषद्को बैठक बसी अरु तयारीका काम पनि अघि बढाइने भएको छ । प्रत्येक वर्ष महाशिवरात्रिका दिन फागुन कृष्ण त्रयोदशीमा नेपाल र भारतका विभिन्न स्थानबाट लाखौं भक्तजन पशुपति क्षेत्रमा आउने गर्छन् । यस वर्ष फागुन १४ गते बुधबार महाशिवरात्रि पर्व परेको नेपाल पञ्चांग निर्णायक विकास समितिले स्वीकृति दिएको पात्रो (पञ्चांग) मा उल्लेख छ ।


Government of Sudurpaschim Province

Ministry of Physical Infrastructure Development

Transport Infrastructure Directorate

## Infrastructure Development Office, Kanchanpur

## Notice of Intention to Award Contract

***Date of publication: 2081-11-01 (13th February, 2025)***

Infrastructure Development Office, Kanchanpur hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our **Bid *Notice No 04-IDOKAN/081/82,*** (published on Prakshepan Daily) dated 2081/09/19 in accordance with ITB Clause 33 and Public Procurement Act 2063 Clause 27.2, 27.3 & 47.

| Contract No. | Name and Address of Bidder | Total Bid Amount including VAT & PS |
|---|---|---|
| IDOKAN/W/SQ/081/82-30 | M/S Dimuk Nirman Sewa, Mahakali-4, Kanchanpur | NRs. 15,01,395.00 |
| IDOKAN/W/NCB/081/82-32 | M/S Khagendra & Singh Builders Dhangadhi-13, Kailali | NRs. 25,25,909.30 |
| IDOKAN/W/NCB/081/82-33 | M/S Betkot Nirman Sewa, Kanchanpur | NRs. 98,58,275.09 |
| IDOKAN/W/NCB/081/82-34 | M/S R C Construction, Bheem datt Municipality-4, Mahendranagar | NRs. 63,00,307.14 |
| IDOKAN/W/NCB/081/82-35 | M/S R C Construction, Bheem datt Municipality-4, Mahendranagar | NRs. 31,00,912.74 |
| IDOKAN/W/NCB/081/82-36 | M/S Panda Consultants & Construction Bheemdatt municipality-18, Mahendranagar | NRs. 37,60,033.90 |
| IDOKAN/W/NCB/081/82-37 | M/S Pratikshya Nirman Sewa, Krishnapur-2, Kanchanpur | NRs. 17,16,042.89 |
| IDOKAN/W/NCB/081/82-38 | M/S R C Construction, Bheem datt Municipality-4, Mahendranagar | NRs. 16,89,699.57 |

The notice No. ***03-IDOKAN/081/82-27***, published on the date 2081/09/10, invited bids through E-Bidding. During the evaluation of the technical proposals of the submitted bids, the proposals of the following bidders have been found substantially responsive as per Rule 31(4) of the Public Procurement Regulations, 2064 (including amendments).

| S. N. | Contract No. | Name of Work | Technical Substantially Responsive Bidders |
|---|---|---|---|
| 1 | IDOKAN/W/NCB/ 081/82-27 | Pipalthala dekhi Hattithala sammako adhuro sadak, Bedkot 1, Kachanpur; Samadaiji daiji health post wada nos 2 basanthala sadak nirman, bedkot 3, Kanchanpur ; Bauddha mandir dekhi Shiddha Baijnath samudayika ban kalpathe mandir hudai nahar samma sadak, Bedkot 4, Kanchanpur. | M/s G.K. / Gyan J.V., Kanchanpur<br>M/s New Hunainath / Padam J.V., Kanchanpur<br>M/s Shubham / New Joshi J.V., Kailali Kanchanpur<br>M/s S.K.N.S. / N.C. JV, Kanchanpur<br>M/s New Ugratara / Bedkot / Chandratara J.V., Kanchanpur<br>M/s Royal Nirman Sewa, Baitadi |

**Office Chief**



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८१/११/०१**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक तिनाउ डेभलपमेन्ट बैंक लिमिटेड) को शाखा कार्यालय हस्पिटललाईन, बुटवल, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणिले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति बि.सं. २०८१/०१/१० मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति वि.सं. २०८१/०२/३२ मा बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्न १५ (पन्ध्र) दिने सूचना, मिति वि.सं. २०८१/०७/२५ मा नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति वि.सं. २०८१/०८/१२ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत ऋणीले बैंकलाई तिर्न बुझाउनु पर्ने उल्लेखित सावाँ एवम् ब्याज नतिरी नबुझाई अटेर गरी बसेको हुनाले बैंकले आफ्नो लेना रकम असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम निज ऋणीहरुले बैंक कर्जाको सुरक्षण स्वरुप लेखी दिएको तपसिल बमोजिमको धितो सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा यस बैंकको शाखा कार्यालय हस्पिटललाईन, बुटवल, रुपन्देहीमा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा**

**ऋणीको नाम : साइन कन्चन सोप एण्ड केमिकल इण्डष्ट्रिज प्रा.लि.**
ठेगाना : बुटवल उप.म.न.पा वडा नं. १३ (हाल बुटवल उप.म.न.पा वडा नं. ११ ), रुपन्देही जिल्ला
रजिष्ट्रेशन नं. : १२०९९३/०७०/०७१ (कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं)
पान नं. : ६०१८६००१६

**कम्पनीको सञ्चालक, अख्तियार प्राप्त व्यक्ति तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगानाः**

**नाम : डिल्ली प्रसाद शर्मा**
बाबु : धनञ्जय पाध्या
बाजे : कलाधर पाध्या
ठेगाना : कुस्मी गा.वि.स. वडा नं. ०७, बाग्लुङ्ग
हाल : देवदह न.पा. वडा नं. १०, रुपन्देही जिल्ला
ना.प्र.नं. : ४२७८
जारी मिति : २०५७/०४/१८
जि.प्र.का : वाग्लुङ्ग

**कम्पनीको सञ्चालक तथा जमानीकर्ताहरुको नाम र ठेगानाः**

**१. नाम : घनश्याम खराल**
बाबु : जयलाल खराल
बाजे : भुवानन्द खराल
ठेगाना : दगातुन्डाडा गा.वि.स. वडा नं. ०६, वाग्लुङ्ग
हाल : बुटवल उप.म.न.पा. वडा नं. ०८, रुपन्देही
ना.प्र.नं. : ३३४/१५३९
जारी मिति : २०४७/११/१२
जि.प्र.का : वाग्लुङ्ग

**२. नाम : राम बहादुर खड्का**
बाबु : टोप बहादुर खड्का
बाजे : रणकेशर खड्का
ठेगाना : जुभुङ्ग गा.वि.स. वडा नं. ०२, गुल्मी
हाल : तिलोत्तमा न.पा. वडा नं. ०२, रुपन्देही
ना.प्र.नं. : ७०६/०३९/४
जारी मिति : २०३९/१२/१७
जि.प्र.का : गुल्मी

**३. नाम : कृष्ण प्रसाद पौडेल**
बाबु : बलि भद्र पौडेल
बाजे : रुक्मागत पौडेल
ठेगाना : बाटाकाचौर गा.वि.स. वडा नं. ०४, वाग्लुङ्ग
हाल : बुटवल उप.म.न.पा. वडा नं. ०८, रुपन्देही
ना.प्र.नं. : ११७१
जारी मिति : २०४४/१०/२०
जि.प्र.का : वाग्लुङ्ग

**४. नाम : विश्व किरण घिमिरे**
बाबु : नरेश प्रसाद घिमिरे
बाजे : रविलाल घिमिरे
ठेगाना : बुटवल उप.म.न.पा. वडा नं. ०८, रुपन्देही
हाल : बुटवल उप.म.न.पा. वडा नं. ०८, रुपन्देही
ना.प्र.नं. : ३/२१९८
जारी मिति : २०५१/०८/१८ (प्रतिलिपि मिति २०७९/०५/२१)
जि.प्र.का : रुपन्देही

**५. नाम : दिपक भण्डारी**
बाबु : अग्नीधर भण्डारी
बाजे : लक्ष्मी पती भण्डारी
ठेगाना : करहिया गा.वि.स वडा नं. ०३, रुपन्देही
हाल : तिलोत्तमा न.पा. वडा नं. ०७, रुपन्देही
ना.प्र.नं. : ८५४२,
जारी मिति : २०५५/०६/०२
जि.प्र.का : रुपन्देही

**६. नाम : जित बहादुर खराल**
बाबु : हिरा बहादुर खराल
बाजे : लिला बहादुर खराल
ठेगाना : वामी गा.पा. वडा नं. ०९, गुल्मी
हाल : तिलोत्तमा न.पा. वडा नं. ०१, रुपन्देही
ना.प्र.नं. : २/९४३
जारी मिति : २०४४/१०/२९
जि.प्र.का : गुल्मी

**जमानीकर्ताहरुको नाम र ठेगाना :**

**१. नाम : उजेली खड्का**
बाबु : चित्र बहादुर थापा
पति : राम बहादुर खड्का
ससुरा : टोप बहादुर खड्का
ठेगाना : जुभुङ्ग गा.वि.स. वडा नं. ०२, गुल्मी
हाल : तिलोत्तमा न.पा. वडा नं. ०२, रुपन्देही
ना.प्र.नं. : ७७७९
जारी मिति : २०४४/१२/२१
जि.प्र.का : गुल्मी

**२. नाम : रजनी घिमिरे**
बाबु : गोपाल प्रसाद बेलबासे
पति : विश्व किरण घिमिरे
ससुरा : नरेश प्रसाद घिमिरे
ठेगाना : बुटवल उप.म.न.पा. वडा नं. १०, रुपन्देही
हाल : बुटवल उप.म.न.पा. वडा नं. ०८, रुपन्देही
ना.प्र.नं. : १३३८४
जारी मिति : २०५८/०३/१३
जि.प्र.का : रुपन्देही

**धितो राखिएको सम्पत्तिको विवरणः**

**१) धितो सुरक्षण धनीको नाम : साईन कञ्चन सोप एण्ड केमिकल इण्डष्ट्रिज प्रा.लि.**

| जिल्ला | गा.वि.स. | वडा नं | कि.नं. | क्षेत्रफल (बि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| रुपन्देही | बुटवल | ९/घ | २५८२ | ०-०-१० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| | | ९/घ | २५०१ | ०-२-७ | |

**२) धितो सुरक्षण धनीको नाम : राम बहादुर खडका र विश्व किरण घिमिरे**

| जिल्ला | गा.वि.स. | वडा नं | कि.नं. | क्षेत्रफल (बि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| नवलपरासी | जहदा | १/क | २७३ | (०-१७-०) | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| | | १/क | २७४ | (०-१८-०) | |
| | | १/क | २६९ | (१-०-०) | |
| | | १/क | २७२ | (१-०-०) | |
| | | १/क | ५४७ | (०-५-०) | |
| | | १/क | ५४८ | (०-५-०) | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय हस्पिटललाईन, बुटवल, रुपन्देही कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८१/११/०९ गते, शुक्रबार**
**समय :- दिउँसो १:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय हस्पिटललाईन, बुटवल, रुपन्देही ।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### द्वन्द्वपीडितलाई न्याय खै ?

मुलुकको राजनीतिमा 'जनयुद्ध' शब्द बारम्बर चर्चा र विवादमा आइरहने शब्द हो । तत्कालीन नेकपा माओवादीले आजकै दिन अर्थात् १ फागुन २०५२ मा सुरु गरेको जनयुद्धलाई लिएर पक्ष र विपक्षमा बहस चल्दै आएको छ । जनयुद्धका कमाण्डर पुष्पकमल दाहाल नेतृत्वको माओवादी केन्द्रले यो शब्दलाई संविधानमै समेट्न चाहेको थियो । तर, अन्य दलको विरोधमा यो शब्द परेन । विशेषगरी नेकपा एमाले र नेपाली कांग्रेसका नेताहरू जनयुद्धलाई हिंसाको रूपमा व्याख्या गर्छन् । त्यहीकारण यो शब्दलाई वैधानिकीकरण दिन नहुने अडानमा छन् । तर, माओवादी भने पछिल्लो परिवर्तनको जग जनयुद्ध नै भएकाले यसलाई स्वीकार गर्नुपर्ने अडानमा छ ।

यो विवाद राजनीतिक तहमा मात्र सीमित रहेन, अदालतसम्मै पुग्यो । विशेषगरी माओवादी अध्यक्ष दाहाल सरकारको नेतृत्वमा रहेको बेला फागुन १ गते जनयुद्ध दिवसको सार्वजनिक बिदा दिने निर्णय गरेपछि यो विषय अदालतमा पुगेको हो । सर्वोच्च अदालतले केही समयअघि मात्र जनयुद्ध शब्द प्रयोग गर्न नहुने फैसला गऱ्यो । यो फैसलालाई माओवादीले भने अस्वीकार गरेको छ । र, आज माओवादीले देशव्यापी जनयुद्ध दिवस मनाउँदै छ । पार्टीगतरूपमा मात्रै नभई माओवादीले जितेका स्थानीय तहहरूले पनि यस दिनमा सार्वजनिक बिदा दिएका छन् ।

यो विवाद कहिल्यै नसल्टिने विवाद हो । एकले अर्कालाई प्रतिशोध साँध्ने विषय पनि बनेको छ दलहरूको । तर, मुलुकलाई एकात्मक व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थासम्म ल्याउन जनयुद्धले भूमिका खेलेको कुरालाई अस्वीकार गर्न मिल्दैन । तत्कालीन विद्रोही माओवादी शान्ति सम्झौता हुँदै संसदीय राजनीतिमा आइसकेको छ । पटक–पटक सरकारको नेतृत्वसमेत गरिसकेको छ । द्वन्द्व हुनु हुँदैन थियो तर तत्कालीन समयमा करिब १० वर्ष द्वन्द्व चल्यो । हजारौंको ज्यान गयो, हजारौं घाइते भए । द्वन्द्वरत पक्ष र राज्यपक्ष आपसी सहमतिमा द्वन्द्वलाई अन्त्य गरी शान्ति स्थापना गर्ने कार्य भएको छ । यसलाई सकारात्मक रूपमा लिनुपर्छ ।

यद्यपि, उक्त द्वन्द्वबाट पीडित भएकाहरूले अझैसम्म न्याय पाएका छैनन् । राजनीतिक खिचातानीका कारण शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन दलहरूले सकेका छैनन् । अहिले द्वन्द्व ठीक थियो वा थिएन भनेर जुहारी खेल्नेभन्दा पनि पीडितलाई कसरी चाँडो न्याय दिलाउने भन्नेतर्फ दलहरूको ध्यान जानुपर्थ्यो, त्यो हुन नसकेको देखिन्छ । यसमा तत्कालीन विद्रोही तथा अहिलेको प्रमुख प्रतिपक्षी माओवादी केन्द्रको जति जिम्मेवारी छ त्यति नै सत्तामा रहेका नेपाली कांग्रेस र नेकपा एमालेको छ । त्यसैले यसलाई सत्तास्वार्थको विषय मात्र नबनाई पीडितलाई न्याय दिलाउन जिम्मेवार बन्न जरुरी छ । यसतर्फ दलहरूको ध्यान जाओस् ।

## श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्नेहरूले अपनाउनुपर्ने सावधानी

खासगरी निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# सम्पदाहरूको संगमस्थल भक्तपुर



■ रेणु त्वानाबासु

कला, संस्कृति र सम्पदा मानव सभ्यताको सिलसिला हो । ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको महत्त्व र यसको सदुपयोगबारे जनचेतना अभिवृद्धि गर्दै यसको संरक्षण र संवर्द्धन गरी भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउने भक्तपुरको प्रयास जारी छ । भक्तपुर नगरपालिकाले 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नारालाई सार्थक पार्दै चार दशकदेखि यहाँका मूर्त र अमूर्त सम्पदाहरू संरक्षणमा जोड दिँदै आएको छ ।

भक्तपुरको नाम लिनासाथ धेरैले नेपालकै सबैभन्दा अग्लो प्यागोडा शैलीको न्यातापोल (पाँचतल्ले) मन्दिर, पचपन्न झ्याले दरबारको सहरका रूपमा मात्र सम्झन्छन् । दरबार क्षेत्र अथवा त्योभन्दा बढी हेरे, सुनेको भए- दतात्रय क्षेत्र । तर यतिमा मात्रै सीमित छैन भक्तपुर । ऐतिहासिक सहर त हुँदै हो, यसबाहेक यहाँको संस्कृति, परम्परा, मठमन्दिर, पाटीपौवा, जात्रापर्व, चालचलन र जीवनशैलीको विविधताले गाउँ र सहरको मौलिकपन एकै ठाउँमा भेटिन्छ ।

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहकै शब्दमा भक्तपुर एउटा खुला संग्रहालय हो । यो एउटा खुला विश्वविद्यालय पनि हो, जहाँबाट धेरै कुरा सिक्न सकिन्छ । भक्तपुर मूर्त र अमूर्त सम्पदाहरूको संगमस्थल हो । यहाँ विश्व सम्पदामा सूचीकृत पाँचतल्ले मन्दिर, सुनको ढोका तथा यहाँका कलासंस्कृति मात्रै होइन, यो ठाउँ जीवन सिक्ने थलो पनि हो । अलेक्जेण्डर पावेलले आफ्नो पुस्तकमा पनि भक्तपुर नघुम्नु भनेको आधा संसार नघुम्नुजस्तो हो भनेका छन् ।

#### मौलिक घर

भक्तपुर नगरपालिका क्षेत्रमा भने प्रतिपर्यटक १५ अमेरिकी डलर प्रवेश शुल्क लाग्छ । यहाँ दैनिक सालाखाला एक हजार विदेशी पर्यटक घुम्न आउँछन् । भक्तपुरमा पर्यटकलाई आकर्षित गर्ने पक्षमध्येका एक हो, यहाँका घरका बनावट । भक्तपुरमा परम्परागत शैलीका घर धेरै देखिन्छन् । यहाँ धेरैले व्यावसायिक प्रयोजनका लागि यस्ता परम्परागत शैलीको देखिने घर बनाएका छन् । होटल, रेस्टुराँ सञ्चालन गरी पर्यटक तान्नका लागि यस्ता घर बनाएको धेरै देखिन्छन् । पुरानो सहरको जीवन्तताका लागि भक्तपुर नगरभित्र आधुनिक घर बनाउन नपाइने भक्तपुर नगरपालिकाको नियम छ । मोहडामा ढलान देखाउन नपाइने, माथिल्लो तल्लामा स्ल्याब नदेखिनेगरी छाना राख्नुपर्नेलगायतका नियम नगरपालिकाको छ । यसका लागि अगाडिको मोहडामा लाग्ने खर्चमा कूल खर्चमा ३५ प्रतिशत खर्च सहयोगस्वरूप नगरपालिकालें उपलब्ध गराउँछ ।

#### पहिलो टेराकोटा भवन

भक्तपुरको सुकुलढोकाबाट पाँच मिनेटको दूरीमा टेराकोटा भवनको अवलोकन गर्न सकिन्छ । यो भवन पूरै इँटैइँटाले बनेको छ । माटोबाट बनेको आकृतिलाई पोलिसकेपछि निस्कने रूपलाई टेरोकोटा भनेर बुझिन्छ । यस भवन नै नेपालको पहिलो टेराकोटा भवन हो । अरु घर, मन्दिर, भवनहरूमा झ्याल, तोरन, टुँडालहरू काठको हुन्छ भने यो भवनमा रहेको झ्याल, तोरन, टुँडाल, आँखीझ्याल सबै इँटाको छ । यो शैलीको भवनलाई टेराकोटा भवन भनिन्छ । नेपाल संवत् ८२७ मा राजा भूपतिन्द्र मल्लको शासनकालमा हालको भक्तपुर नगरपालिका-६ तुछिमला टोलमा यसको निर्माण भएको थियो । न्यातापोल मन्दिर निर्माणपश्चात् बाँकी रहेको सरसामानको प्रयोग गरी यो भवन बनाएको हो भनिएको छ । यस भवनमा गणेशको मूर्तिका साथै आकाशभैरव र अवाल परिवारहरूको आँगनसमेत रहेको छ ।

त्यस्तै घरहरूको लाममा तौलाछें टोलमा अवस्थित तलातुन्छी गणेश द्यःछें हो । यसमा विश्वकर्मा भैल प्याख खलः विश्वकर्मा धिमे खलः, विश्वकर्मा धा बाजा खलः, डाफा भजन, बासुरी बाजा, लाखे प्याख खलः समावेश छन् । टेराकोटाको एक अलौकिक नमूना रहेको यस घरमा श्रीगणेशको मूर्ति इँटाले बनाइएको छ । घरको ढोकामा प्रजापतिहरूको पुर्खौली माटोको भाडा बनाउने कामको कलात्मक कला राखिएको छ भने दैनिक जीवनमा प्रयोग गरिएका पानी थाप्ने, रक्सी पार्ने, चिउरा कुट्ने, बत्ती कात्ने, जाँतोमा मकै पिस्ने, खर्पन बोकी खेत जानेलगायतका त्यतिबेलाका कामलाई कलात्मक कला टेराकोटामा उत्तारिएको छ । विभिन्न प्रजापतिका गुठीहरू पहलमा २०७८ सालमा यो भवनको निर्माण गरिएको थियो ।

#### टाइचिन चिउरा

भक्तपुरको अर्को पहिचान हो, टाइचिन चिउरा । नेवारी समुदायका हरेक भोजमा टाइचिन चिउरा नभई हुँदैन । यहाँको टाइचिन चिउरा विशेष मिठासको हुन्छ । ताजा तात्तातो टाइचिन चिउराले त खानाका पारखीहरूलाई लोभ्याउँछ । केही वर्षअघिसम्म टोलटोलमा टाइचिन चिउराको मिल देख्न सकिन्थ्यो । तर आजभोलि टाइचिन चिउरा कसरी बन्छ भनी हेर्नका लागि नागपोखरीस्थित वीरेन्द्र जतिले सञ्चालन गर्दै आएको मिल र भक्तपुर नगरपालिका-५ भुलाछें टोलतिर जान सकिन्छ ।

#### हाकुपटासी

भक्तपुरको अर्को आकर्षण हो हाकुपटासी (परम्परागत कालो फरिया) अर्थात् नेवारी महिलाको परम्परागत पहिरन । यो यहाँको मौलिक पहिरन हो । पहिले भक्तपुरका ज्यापु समुदायका महिलाले आफ्नो लागि चाहिने लुगा आफैं बुनेर तयार पार्ने चलन थियो । पहिला यसको तान मेसिन हरेक किसानको घरघरमा हुन्थ्यो । हाकुपटासी बनाउन हाते तान, चर्खा, फेलु (धागो बेर्ने), तुकी आदि प्रयोग गरिन्छ । आजभोलि हाकुपटासी वा नेपाली कपडा उत्पादन हेर्नका लागि भक्तपुरको लिवाली, व्यासीस्थित औद्योगिक क्षेत्र वा आदर्श खोरेमा गएर अवलोकन गर्न सकिन्छ । हिजोआज विद्युतीय मेसिनले पनि बुन्ने गरिएको छ ।

#### बाजागाजा धिमे, धाँ, बासुरी

भक्तपुर अर्को पहिचान हो, बाजगाजा । जात्रापर्वलगायतका विशेष पूजाआजामा बाजा बजाएको सुन्न पाइन्छ यहाँ । चाडपर्वमा भक्तपुरभरि सार्वजनिकरूपमा नै बाजागाजाको गुञ्जायमान हुन्छ । टोलटोलमा बाजागाजा प्रशिक्षण लिनेको भीड लाग्छ ।

#### काष्ठकला

काष्ठकलाले भक्तपुरको अर्को पहिचान झल्काउँछ । यहाँका मयुर झ्याल तथा अन्य मठमन्दिरमा प्रयोग हुने काठको बुट्टाले पनि भक्तपुरको पहिचानलाई उजागर गरेको छ । मठमन्दिरमा फरक-फरक बुट्टा कोरिएका काठको प्रयोग गरिएको पाइन्छ । यो भक्तपुरस्थित इनाचो, ताथली, बाराही, च्याम्हसिं, भक्तपुर औद्योगिक क्षेत्रभित्र प्रत्यक्ष हेर्न सकिन्छ । भक्तपुरका हरेक घरको झ्याल, मूलढोका तथा मठमन्दिरमा प्रयोग गरिने काठका तोरनले पर्यटकलाई आकर्षक बनाएको पाइन्छ । आन्तरिक वा बाहय पर्यटकलाई मायाको चिनो काठको बनेको मयुरको झ्याल वा अन्य परम्परागत बुट्टेदार झ्याल दिने चलन छ ।

#### मूर्तिकला

भक्तपुरको प्रायः मन्दिरहरूमा ढुंगाबाट बनाइएको सिंह, बो सिंह अर्थात् उड्ने सिंह, विभिन्न देवीदेवताको मूर्तिहरू ढुंगाबाट बनाइन्छ । कतिपय मन्दिरहरू त ढुंगाले मात्र पनि बनेका छन् । यसले पुरानो भक्तपुरलाई जीवन्त राख्ने काम गरेको छ । भक्तपुरको दरबारस्क्वारमा रहेको सिद्धिलक्ष्मी मन्दिर, नृत्य बात्सला मन्दिर ढुंगाले मात्र पनि बनेका छन् ।

#### सुकुल भोज

नेवार समुदायले खानाको परिकार र भोज गर्ने तरिका पनि अन्य समुदायको तुलनामा भिन्न छ । ती भोजमध्ये सुकुल भोजको भिन्नै विशेषता छ । सुकु भ्वय अर्थात् सुकुलमा लहरै बसेर खाने भोजको अवलोकन र खानेकुराको स्वाद लिन नेवार समुदायमा बच्चाको पास्नी, सूर्यदर्शन, व्रतबन्ध, विवाह, वार्षिकोत्सव, रथारोहण गुठीको भोजमा लिन सकिन्छ । झ्व भ्वये अर्थात् सुकुल भोजमा चिउरा, लप्ते, अचार, हरियो लसुन, द्याकागु ला (झोल भएको राँगाको मासु), गेडागुडीका परिकार (केराउ, चना, सिमी, सिम्पु) काउली, आलु, छ्याला (तामाको झोल भएको तरकारी) तकोला (ठूलाठूला टुक्रा गरिएको राँगाको मासु), हरियो साग अमिलो, भुटन र दही समावेश गरिन्छ । भोजको अन्तिममा भिजाएको सानो केराउ, काटेको मुला, गाजर र फलफूलको केही टुक्रा सलादको रूपमा राखिन्छ ।

#### सम्येबजी

चाडपर्व, भोजमा सम्यबजी छुट्दैन । सर्वप्रिय नेवारी परिकार हो, सम्यबजी । यो नेपाल भाषा अर्थात् नेवारी शब्द हो । जहाँ बजीको अर्थ चिउरा हो । भक्तपुरको सम्यबजीको स्वाद लिन भक्तपुरको स्थानीय खाजा पसल तथा रेस्टुराँमा सजिलै खान पाइन्छ । यसमा बजी (चिउरा) त्यसमा पनि टाइचिन बजी अर्थात् विशेष स्वादिलो चिउरा, कालो भटमास, अदुवा, लसुन, छ्युाला (मासुको परिकार), अण्डा, आलु, बोडी र अचार हुन्छ । यो मौलिक नेवारी सम्यबजीमा हुने परिकारहरू हुन् । सम्यबजी सेटमा करिब १० थरि परिकार हुन्छन् । तर आजभोलि अरु थप परिकारहरूमा पनि राखेर सम्यबजी बनाइन्छ । चाडपर्वमा सम्यबजीलाई प्रसादको रूपमा हातमा राखेर थोरै पनि खाने चलन छ ।

#### भादगाउँले कालोटोपी

भादगाउँले कालोटोपी भक्तपुरको मौलिक पहिचान हो र भक्तपुर सहरको पुरानो नाम हो भादगाउँ । सहरको यही पुरानो नामको पहिचान दिनेगरी मल्लकालदेखि नै भक्तपुरमा भादगाउँले टोपी उत्पादन हुँदै आएको छ । नेवार समुदायमा पनि यो टोपी प्रसिद्ध छ । यसलाई पत्यक्षरूपमा हेर्न भक्तपुरको कमलविनायक लाम्गालमा बाहिर बसेर टोपी बनाइराखेको हेर्न सकिन्छ । साथै, भक्तपुर नगरका बजारमा पनि ठाउँठाउँमा यस्ता टोपी बनाएको हेर्न सकिन्छ । यसलाई प्रवर्द्धन गर्न भक्तपुर नगरपालिकाले भक्तपुर भ्रमण आउने स्वदेशी तथा विदेशी पाहुनालाई भादगाउँले टोपी लगाएर स्वागत गर्ने गर्दछ ।

#### कसिमला पाँय् खेल

कसिमला पाँय् भक्तपुरको सबैभन्दा पुरानो परम्परागत खेलको रूपमा लिइन्छ । केही समय अगाडि यो लोप हुन अवस्थामा थियो । यसलाई बूढापाकाले मात्र खेल्ने गर्दथे । यसलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले यस खेललाई जीवन्त राख्न स्थानीय पाठ्यक्रममा समावेश गरेको छ । नगरपालिकाले स्थानीय पाठ्यक्रममा समावेश गराएपछि यस खेलले पुनर्जीवन पाएको छ । अहिले यो खेल बूढापाकाले मात्र नभई स्कुलमा विद्यार्थीहरूले पनि मन लगाएर खेल्ने गरेका हुन् । यस खेलले मनोरञ्जनका साथै बौद्धिक खुराक प्रदान गर्ने गर्छ ।

#### जुजु धौ

भक्तपुरको अर्को विशेषता हो जुजु धौ अर्थात् दहीको राजा । यहाँ अन्यत्र नपाइने जुजु धौ अर्थात् दही पाइन्छ । यहाँ जुजु धौ बनाएको प्रत्यक्ष अवलोकन गर्ने मुख्य ठाउँ हो भक्तपुरको जैंला । यहाँ अहिले पनि परम्परागत तरिकाले माटोको भाडामा भुस ओछ्याएर दही तयार गरिन्छ । भक्तपुरको सैंजु थरका समुदायले बनाउने चलन छ यस्ता दही । आजभोलि माटोको मट्का, कला तथा अन्य विभिन्न माटोको भाडामा नै दही बनाउने चलन सुरु भएको छ । नेपाल भाषामा जुजुको अर्थ राजा र धौको अर्थ दही । यस अर्थमा जुजु धौको अर्थ सबैभन्दा उत्कृष्ट दही भन्ने हो । भक्तपुरमा ६५ परिवार दही बनाउने पेसामा आबद्ध रहेको जुजु धौ एसोसिएसनको अनुमान छ ।

#### बुराँज्या

भक्तपुरको मौलिक परम्परा हो बुराँज्या । बुराँज्या अर्थ केलाउँदा धानको मात्रा बढोस्, जति खर्च गर्दा खेतमै नसकियोस् र अन्नदाता करुणामयको करुणा रहिरहोस् भनेर खेतमै जम्मा गरिराखेको कालो धानको थुप्रो घरको मूलीले गरिने पूजाआजालाई बुराँज्या बुझिन्छ । यो धान काटिसकेपछि करिब नौ दिनमा खेतमा परालको सुताभित्र सुरक्षित राखिएको धान निकाल्नेर घर भित्र्याउने सांस्कृतिक विधि पनि बुराँज्या हो । सरल भाषामा हाकुवा अर्थात् कालो धान बनाउने मौलिक परम्पराको रूपमा लिन सकिन्छ । कालो धान बनिसकेपछिको बुराँज्या कार्यक्रम गरी नातेदार, साथीभाइ, छरछिमेकलाई बोलाएर खेतमै प्रसादको रूपमा सम्येबजी खुवाएको हुन्छ भने कसैकसैले बुराँज्या पूजामा अन्नदाता करुणामयसँग सम्बन्धित हुँदा पूजा गरी खेतमै सम्येबजी खुवाई घरमा भोज खुवाउने चलन पनि छ ।

#### माटोको भाँडा

माटोको भाँडा बनाइने भएकाले भक्तपुरलाई छुट्टै पहिचान दिएको छ । प्रजापति (थर) का स्थानीयले विभिन्न प्रकारका माटोका भाँडाकुँडाहरू बनाएको हेर्न सकिन्छ । यहाँ अहिले पनि परम्परागत प्रविधि अर्थात् हात चलाउने चाकाबाट नै माटोका भाँडाकुँडा, मूर्तिहरू देख्न सकिन्छ । कतिपयले मेसिनबाट चल्ने चाकाले पनि बनाएको पाइन्छ । साथै, पर्यटकको आकर्षणका लागि पर्यटकहरूले माटाको भाँडा बनाउन दिइन्छ । माटोका खुत्रुके, गाग्री, दियो, मूर्ति, फिल्टर, हिटर, गमला, प्लेट इत्यादि बनाइन्छ । प्रजापति थरका स्थानीयवासीको परम्परागत पेसामा पर्दछ ।

#### अन्त्यमा,

कला, संस्कृति र सम्पदा मानव सभ्यताको सिलसिला हो । ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको महत्त्व र यसको सदुपयोगबारे जनचेतना अभिवृद्धि गर्दै यसको संरक्षण र संवर्द्धन गरी भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउने भक्तपुरको प्रयास जारी छ । भक्तपुर नगरपालिकाले 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नारालाई सार्थक पार्दै चार दशकदेखि यहाँका मूर्त र अमूर्त सम्पदाहरू संरक्षणमा जोड दिँदै आएको छ ।

*(लेखक ख्वप कलेज भक्तपुरका पत्रकारिताका सहप्राध्यापक हुन्)*



# लुम्बिनी र गण्डकी प्रदेश सरकारका २१ बुँदे साझा प्रतिबद्धता

■ प्रभाव संवाददाता

**गण्डकी–** लुम्बिनी र गण्डकी प्रदेश सरकारले दुवै प्रदेशको रणनीतिक विकास र समृद्धिका लागि २१ बुँदे साझा प्रतिबद्धता व्यक्त गरेका छन् । लुम्बिनी प्रदेश सरकारको आयोजनामा पाल्पाको ऐतिहासिक एवं पर्यटकीय गन्तव्य रानीमहलमा बुधबार सम्पन्न अन्तरप्रदेशस्तरीय बैठकले उक्त प्रतिबद्धता व्यक्त गरेको हो ।

संविधानको धारा ५६, २३३, अनुसूची ६ र ९ मा उल्लिखित व्यवस्थाअनुसार लुम्बिनी र गण्डकी प्रदेशको समग्र विकासका सवाल, साझा सम्भावनाहरू संयुक्तरूपमा सम्बोधन गर्ने उद्देश्यले पहिलोपटक लुम्बिनी प्रदेश सरकारले बैठकको आयोजना गरेको थियो ।

बैठकले दुवै प्रदेशका विभिन्न विकास योजनालाई संयुक्तरूपमा अगाडि बढाउने प्रतिबद्धता गरिएको छ । दुई प्रदेशका बीचमा हवाइ सेवा विस्तार एवं नियमितरूपमा सञ्चालन गर्न सरकारी तथा निजी क्षेत्रका हवाइ सेवा प्रदायक कम्पनीमार्फत नेपालगञ्ज-जोमसोम र भैरहवा-जोमसोम हवाई सेवा विस्तार पहल गर्ने प्रतिबद्धता गरिएको छ ।

अन्तरप्रदेश सडक सञ्जाल विस्तारका लागि लुम्बिनी-लोमान्थाङ (लुम्बिनी-मुक्तिनाथ) सिल्क रोड, लुम्बिनी-त्रिवेणी-दुम्कीबास सडक, गैंडाकोट-कालिगण्डकी कोरिडोर तथा अन्य सडक स्तरोन्नति तथा विस्तार गर्न प्राथमिकताका साथ कार्यान्वयन प्रक्रिया अगाडि बढाउने उल्लेख गरिएको छ ।

सिद्धार्थ राजमार्गको पोखरा-बुटवल खण्डलाई दुई लेनमा विस्तार गर्न, एकीकृत विकासको अवधारणाअनुरूप आर्थिक वृद्धिका सम्भावनाका क्षेत्र (भरतपुर-बुटवल-पोखरा) लाई समेटी संघीय सरकारबाट प्रस्तावित गण्डकी आर्थिक त्रिभुज परियोजना कार्यान्वयन गर्न संघीय सरकारलाई अनुरोध गर्ने प्रतिवद्धता गरिएको छ ।

प्रादेशिक औद्योगिक क्षेत्र स्थापना गर्ने र स्थानीय उत्पादन तथा रोजगारी सिर्जना हुनेगरी आगामी आर्थिक वर्षमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने भनिएको छ । कृषि तथा पशुपन्छी उत्पादनलाई बजारसम्म पुर्‍याउन पूर्वाधार निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने र कालीगण्डकी करिडोरलाई आर्थिक केन्द्रको रूपमा विकास गर्दै हिमाली तथा पहाडी उत्पादनलाई तराई र सीमापार बजारसम्म पुर्‍याइने प्रतिबद्धतापत्रमा उल्लेख छ ।

दुवै प्रदेशमा उत्पादित कृषि तथा वनजन्य जडीबुटी प्रशोधन गर्न निजी क्षेत्रसँग सहकार्य गर्दै ब्याज अनुदान दिने नीति ल्याइनेमा सहमति जनाइएको छ । पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिँदै लुम्बिनी-पोखरा-मुक्तिनाथलाई मुख्य पर्यटन मार्गका रूपमा विकास गरिने र गण्डकी प्रदेशले एकीकृत सूचना प्रणालीसहितको प्रविधि विकास गर्ने प्रतिबद्धता जनाएको छ । त्रिवेणी देवघाट, रुरु क्षेत्र, मुक्तिनाथलगायत धार्मिक क्षेत्रको विकासमा संयुक्त लगानी गरिने, गोरखा-तनहुँ-स्याङजा-पाल्पा-गुल्मी-प्यूठान-रोल्पा मगर सांस्कृतिक पदमार्ग विस्तार गर्ने साझा प्रतिबद्धतामा छन् ।

लुम्बिनी प्रदेशको लुम्बिनीमा बुद्ध सर्किट (तिलौराकोट-लुम्बिनी-रामग्राम)को विकास गरी धार्मिक तथा स्वास्थ्य पर्यटन र गण्डकी प्रदेशका मनास्लु, अन्नपूर्ण, मुक्तिनाथ क्षेत्र तथा पोखरालाई साहसिक, धार्मिक तथा स्वास्थ्य पर्यटकीय क्षेत्रका रूपमा विकासका लागि दुवै प्रदेशले एकीकृत पर्यटनको विकास प्रवर्द्धनमा जोड दिने भनिएको छ । चितवन, बाँके, बर्दिया, मनास्लु, अन्नपूर्ण र ढोरपाटनलाई समेटेर पर्यटकीय सर्किट बनाउने साझा प्रतिबद्धता व्यक्त गरिएको छ । औद्योगिक क्षेत्र विस्तारका लागि मोतिपुर औद्योगिक क्षेत्र र लोकाहा खोला औद्योगिक क्षेत्रको उपयोग गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने सहमति गरिएको छ ।

खानी तथा खनिज उद्योग विस्तार गर्दै प्राकृतिक स्रोतजन्य उत्पादनको व्यवस्थापन र बजार सुनिश्चितता गरिने भएको छ । जलविद्युत् तथा ठूला बहुउद्देश्यीय आयोजना सञ्चालन गर्न आपसी समझदारी कायम गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ । नदीजन्य पदार्थको कर प्रणालीमा एकरूपता ल्याइने, सार्वजनिक यातायात भाडादरलाई सम्भव भएसम्म एउटै बनाउने तथा दुर्घटना न्यूनीकरणका लागि गति नियन्त्रण, मादकपदार्थ सेवन जाँच, चालक प्रशिक्षणलगायत कार्यक्रम सञ्चालन गरिने भनिएको छ ।

रामपुर-चापाकोट एकीकृत सहरी विकास आयोजना कार्यान्वयन गर्न संघीय सरकारलाई सिफारिस गर्ने, ऐतिहासिक सम्पदाको प्रवर्द्धन गर्दै रानीमहल क्षेत्रमा जलाशयसहितको पर्यटकीय पूर्वाधार विकासमा दुवै सरकारले सहकार्य गर्ने उल्लेख छ । संयुक्त बैठकलाई निरन्तरता दिँदै आगामी बैठक गण्डकी प्रदेशमा आयोजना गरिने निर्णय गरिएको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताए । उनले अन्तरप्रदेश साझा सरोकारको विषय सामूहिक एजेण्डा बन्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

सडक पूर्वाधार, हवाई यातायात, सुरक्षा, कृषि, पर्यटनलगायत साझा सरोकारका विषयलाई प्राथमिकमा राखेर अघि बढ्न जरुरी रहेको उनले बताए । सुनौली नाका हुदै भित्रीने भारतीय पर्यटकलाई पोखरासम्म पुर्‍याउनेबारेमा पनि साझा योजना आवश्यक पर्ने बताउँदै उनले सिद्धार्थ राजमार्गको विस्तार, बसाइँसराइका कारण पहाडहरू रित्तिन थालेको विषय दुई प्रदेशको साझा सरोकारभित्र पर्ने धारणा राखे । बैठकमा लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य, दुवै प्रदेशका अर्थ र पर्यटनमन्त्री नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रमुख सचिव र सचिवहरू सहभागी थिए ।

# ओझेलमा मुस्ताङको लुरी गुम्बा

**म्याग्दी–** मुस्ताङको लोघेकर-दामोदरकुण्ड गाउँपालिका-४ मा पर्ने यारामा रहेको ऐतिहासिक महत्त्वको लुरी गुम्बा ओझेलमा परेको छ । धार्मिक, ऐतिहासिक महत्त्वका बारेमा प्रचारप्रसार अभावमा ओझेल परेको ८०० वर्ष पुरानो गुफाभित्र रहेको गुम्बा संरक्षणको पनि पर्खाइमा छ । गुम्बाकी आनी थाक्पा ढोल्करका अनुसार तान्त्रिक बौद्ध धर्मसँग नजिक निङ्मापा सम्प्रदायको लुरीघ्याङ गुम्बा १२औं शताब्दीमा बनेको हो ।



समुद्री सतहबाट करिब चार हजार मिटर उचाइमा याराको पूर्वी कुनाको पहराको चेपमा रहेको लुरी गुम्बा अनौठो धार्मिक सम्पदा हो । गोरेटो र सिँढी हुँदै पहाडको बीच भागमा रहेको तीनवटा गुफामा रहेको गुम्बामा पुगिन्छ । आँगनमा पुग्ने बेलामा काठको भऱ्याङ राखिएको छ । गुम्बाको मुख्य भाग, लामाको तपस्यास्थल पहराभित्र छिरेको गुफामा रहेको छ । लुरी गुम्बाको छचोर्तेन प्राकृतिक भएको आनी ढोल्करले बताइन् । आकर्षक भित्तेचित्र भएको छचोर्तेनको वरपर परिक्रमा गर्न मिल्ने सानो भाग पनि छ । यहाँका चित्रहरू १५औं शताब्दीमा बनाइएको हो । पहराको ढुंगालाई नै थामको रूप दिई बनाइएकाले गुम्बामा भित्तेचित्र, पुस्तक, पुराना थाङ्का र पद्मसम्भवको मूर्ति रहेको छ । भुटानी कन्या विवाह गरेका तत्कालीन ल्होका राजाले आफ्नी पत्नीलाई खुसी पार्न लुरी गुम्बा बनाएको इतिहास छ ।

स्थानीयवासीले यसलाई लुरी कावुङ भन्ने गर्छन् । अर्को किंवदन्तीअनुसार यारागाउँमा जन्मिएका उड्ने सिद्ध पाएका कुन्छाङ झलु नाम गरेका लामाले तपस्या गरेर ज्ञान आर्जन गरेका थिए । गुम्बापारिको पहाडको चुचुरोलाई स्थानीयवासी कुन्छाङ झलु लामाको बासस्थान मान्ने गरेका छन् । मुख्य गुम्बाभन्दा केही तल पेयुङखोलाको किनारमा अर्को गुम्बा पनि बनाइएको छ । दुवै ठाउँको गुम्बामा नियमित पूजाआजा हुने आनी ढोलकरले बताइन् । लुरी गुम्बाको नजिकैको यारा र घारागाउँमा धर्मशाला र होटलको सुविधा छ ।

लोघेकर दामोदरकुण्ड गाउँपालिकाको केन्द्र चराङबाट ध्यखोला, ध्ये, सुर्खाङ, यारा हुँदै एक घण्टा सवारीसाधनको यात्रापछि पुगिने घारागाउँबाट २० मिनेटको पैदलयात्रा गरेपछि दामोदरकुण्ड जाने बाटोमै रहेको लुरी गुम्बा पुगिन्छ । लोमान्थाङबाट लुरी सर्किट पदमार्गको प्रयोग गरेर पनि यहाँ जान सकिन्छ । चराङबाट घारा जाने क्रममा ध्ये, सुर्खाङ र यारागाउँ, अनौठा आकृति भएको पहाड अवलोकन गर्न पाइन्छ ।

लोघेकर दामोदरकुण्ड गाउँपालिका र गण्डकी प्रदेश सरकारले सडकबाट लुरी गुम्बा पुग्ने ढुंगाको सिँढी चिनेर पदमार्ग बनाएका छन् । गाउँपालिका र प्रदेश सरकारको १५-१५ लाख रूपैयाँ बजेटमा उकालोमा करिब ३०० मिटर पक्की पदमार्ग निर्माण भएको वडाध्यक्ष पासाङ गुरुङले बताए । यस वर्ष सार्वजनिक शौचालय बनाउन पाँच लाख रूपैयाँ बजेट विनियोजन गरेको वडाध्यक्ष गुरुङले बताए । *रासस*


## मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मुसिकोट, रूकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**दाना उद्योग सञ्चालन सम्वन्धि पुनः प्रस्ताव आह्वान !!**

दोस्रो पटक प्रकाशित मितिः २०८१/११/०१

मुसिकोट नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार दाना उद्योग प्रवर्द्धन कार्यक्रम गरिने भएको हुँदा दाना उद्योग सन्चालन गर्न इच्छुक कृषक समूह/सहकारी/नीजिक्षेत्रहरूले यो सूचना प्रकाशित भएको ३५ औं दिनसम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी अनुसूची-२ बमोजिम दिईएको आवेदन-पत्र साथ तपसिल बमोजिमका कागजात अनुसूची-३ बमोजिम संक्षिप्त व्यावसायीक कार्ययोजना संलग्न गरी नगरपालिकाले तोकेको कार्यालयमा दर्ता गर्नुहुन प्रस्ताव आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः**

१. कृषक समूह/सहकारी संस्थाको हकमा आवेदन-पत्र साथ सञ्चालक समितिको बैठकले पशु आहारा उद्योग प्रवर्द्धन गर्न गरेको निर्णय प्रतिलिपी,
२. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपी,
३. भाडामा लिएको कम्तीमा २ रोपनी जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरिएको पत्र,
४. कृषक समूह/सहकारी संस्था/नीजि क्षेत्र दर्ता प्रमाणित प्रतिलिपि,
५. स्थायि लेखा नम्बर दर्ता प्रमाणित प्रतिलिपि,
६. प्रस्तावित पशु आहारा उद्योग प्रवर्द्धन गर्न अन्य निकायवाट अनुदान लिएरनलिएको प्रमाणितगर्ने कागजात,
७. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान,
८. प्रस्तावक संस्थाका अध्यक्ष वा सकृय सदस्य वा कर्मचारीको शैक्षिक योग्यता,
९. साझेदार संस्थाको वित्तीय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंकब्यालेन्स) वा बैंको लेटर अफ इन्टेन्ट,
१०.सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**प्रमुख प्रशासकिय अधिकृत**



## बेलबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८१/११/०१ (13th February, 2025)

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०९।२१ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरु मध्ये सबैभन्दा न्यूनतम बोलअकं कबोल गर्ने र सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरुलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.स. | ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुल्य अभिबृद्धि कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १. | BM/MOR/W/NCB-12-2081-82 | Construction Works of Dam for Betna, Amna, Sisauli tourism area, Tourism route and turtle Conservation | श्री सान्भी बिल्डर्स प्रा.लि. मोरङ | रू. १,१४,२०,३१४.०० (अक्षरेपी एक करोड चौध लाख वीस हजार तीन सय चौध रुपैया मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



## Uttargaya Rural Municipality
Rasuwa

**Invitation for Bids**

*Invitation for Bids No.: URM/NCB/WORKS/2081-082/6*

*Date of publication: 12-02-2025 00:00*

1. Uttargaya Rural Municipality, Rasuwa invites electronic bids from Nepalese eligible bidders for the construction of Jamarikhola Kavrekhola Banuwa WSP ward no. 5 under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 4444651.82 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Uttargaya Rural Municipality, Rasuwa, Uttargaya-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3 Bidder submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost (NRs. 3,000.00) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

*Information to deposit the cost of bidding document in Bank:*

Name of the Bank : Himalayan Bank Ltd.
Name of Office : Uttargaya Rural Municipality, Rasuwa
Office Code no : 80328501
Office Account no : 04407741280019
Rajaswa (revenue) Shirshak no. : 14249

4. Pre-bid meeting shall be held at Uttargaya Rural Municipality, Rasuwa Uttargaya-05, Laharepauwa, Rasuwa Bagmati Province Nepal at 27-02-2025 13:00 hours.
5. Electronic bids must be submitted to the office Uttargaya Rural Municipality, Rasuwa, Uttargaya-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal by through PPMO website www.bolpatra.gov.np/egp on or before 14-03-2025 12:00. Bids received after this deadline will be rejected.

The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-03-2025 13:00 at the office of Uttargaya Rural Municipality, Rasuwa,Uttargaya-05,Laharepauwa, Rasuwa Bagmati Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 130000.0, which shall be valid for 30 days beyond the validity period of the bid.

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

***Chief Administrative Officer***



## Jayaprithvi Municipality
### Office of The Municipal Executive
Chainpur, Bajhang

**Invitation for Electronic Bids**

***Date of publication: 2081/11/01***

Method of Procurement: NCB , Eligibility Procedure

1. Jayaprithvi Municipality, Bajhang invites Electronic bids for following Works from Nepalese eligible bidders for following works under NCB procedures. The estimated amount and the summary for the work is given below.

| S N | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Including VAT and PS] | Bid Security amount | Bid Security Validity Period | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JPM-NCB-09-2081/082 | Chainpur-Pithalekh-Dhamilekh Road Maintenence Work | 3187007.59 | 86000 | 120 day | 3000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Jayaprithvi Municipality, Office of the Municipal Executive, Chainpur, Bajhang, Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 9868861828, 9858490254 or may visit PPMO website www.bolpatra.gov.np.

| Cash Deposit for Bid Fee | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Number: | 4110100301010004 | Account Number | 4110100303000004 |
| Office Code | 801077001 | Office Code | 801077001 |
| Revenue Head | 14529 | Revenue Head | |

3. Purchase, Submission and Opening

| Last date of Bid Purchase | Last Date of Submission | Bid Opening |
|---|---|---|
| Date and time | Date and Time | Date and Time |
| 2081/12/03 12:00 | 2081/12/03 12:00 | 2081/12/03 14:00 |

**Govindra Bahadur Bist**

रूपशाला

'मालती मंगले' बनाउँदै रामकृष्ण ढकाल

गायक रामकृष्ण ढकालले चलचित्र निर्माण घोषणा गरेका छन् । ढकालले बुधवार सामाजिक सञ्जालमार्फत 'मालती मंगले' शीर्षकमा चलचित्र निर्माण गर्ने औपचारिक जानकारी दिएका हुन् । चलचित्रको केही दिनअघि चलचित्र विकास बोर्डमा दर्ता गरिएको थियो । नेपाली सङ्गीत क्षेत्रका एक लोकप्रिय गायक ढकालको चलचित्रसँग पुरानो सम्बन्ध छ ।






# नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव स्कटल्याण्डमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव २०२५' स्कटल्याण्डको राजधानी एडिनबर्गमा आयोजना हुने भएको छ । आयोजक नेपाल स्कटल्याण्ड एशोसियसन स्कटल्याण्ड, नेपाल चलचित्रकर्मी महासंघ, प्रदेश १ र फिल्म कल्चर सोसाइटी अफ नेपालले महोत्सवको आयोजना गर्न लागेको हो ।

एशोसियसनलाई नेपालबाट आयोजनामा सहकार्य नेपालबाट चलचित्र निर्देशक समाजले गर्नेछ । कार्यक्रमको सहजिकरण आदिवासी जनजाति चलचित्र महासंघ प्रदेश १ ले गर्नेछ । एशोसियसनले मंगलबार एक कार्यक्रम गर्दै महोत्सव आगामी अगष्टमा आयोजना हुने घोषणा गरेको छ ।

आदिवासी चलचित्रको अन्तराष्ट्रिय बजार प्रवर्द्धनका लागि महोत्सव आयोजना हुन लागेको आदिवासी जनजाति चलचित्र महासंघ, प्रदेश १ का अध्यक्ष ज्योतिराज राईले बताए । महोत्सवले आदिवासी जनजाति चलचित्रको अन्तराष्ट्रिय बजार बिस्तार हुने र निर्माणमा समेत तिब्रता आउने राईको विश्वास छ । स्कटल्याण्डपछि अन्य बिभिन्न मुलुकमा समेत महोत्सव क्रममा आयोजना गर्ने लक्ष्य संसथको रहेको राईले सुनाए ।

कार्यक्रममा नेपाल स्कटल्याण्ड एशोसियसनका अध्यक्ष विजय डंगोल, हिमालयन सेन्टरका अध्यक्ष टीका लिम्बु, कलाकार सुवाश थापा, निर्माता सागर सुवेदी, नेपाल चलचित्र निर्देशक समाजका महासचिव तथा नेपाल चलचित्रकर्मी महासंघ कोशी प्रदेशका अध्यक्ष अरुणकुमार प्रधान लगायतको सहभागीता थियो ।

महोत्सवमा आदिवासीका खाना, पहिरन, कलासंस्कृतिको अलवा आदिवासी चलचित्र प्रदर्शन समेत हुनेछ । प्रदर्शन भएका चलचित्रका कलाकार र चलचित्रलाई अवार्ड समेत प्रदान गरिनेछ । कार्यक्रममा बिभिन्न अन्तर्क्रिया, सम्मान समेत आयोजना हुने महोत्सवमा थुप्रैको सहभागीता रहने महोत्सवका निर्देशक अरुण कुमार प्रधानले बताए ।

अगष्टमा स्कटरल्याण्डको एडिनबर्गमा विश्वको चर्चित महोत्सव 'एडिनबर्ग महोत्सव' आयोजना हुदैछ । सोही अवसर पारेर यो महोत्सव हुन लागेको हो । स्कटल्याण्डमा आदिवासी चलचित्र महोत्सव हुन लागेको पहिलो भएको आयोजक नेपाल स्कटल्याण्ड एशोसियसनका अध्यक्ष विजय डंगोलले बताए । महोत्सवमा समावेस हुने चलचित्रका बिधा र अन्य जानकारी केही समयपछि दिने निर्देशक प्रधानले बताए ।

# श्रेयषीलाई ज्योती फिल्मस् म्युजिक अवार्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** सानै देखि केही बन्नलाई केही गर्नुपर्छ भन्ने मान्यता राख्दै आईरहेकी वालमोडल तथा नृत्यांगना हुन् श्रेयषी गुरुङ । विभिन्न कार्यक्रमहरूमा आफ्नो कुशल अभिनय तथा नृत्य प्रस्तुत गर्दै आईरहेकी श्रेयषी गुरुङ यतिबेला चर्चामा छिन् ।

शान्तारानी परियारले गायको गीत 'म त ढले ढले'को म्युजिक भिडियो सार्वजनिक भएसंगै उनको चर्चा चुलिएको हो । भिडियोमा पल शाह, जुना विश्वकर्मा र श्रेयषीको मुख्य भूमिका रहेको छ । बुवा राम गुरुङ र अम्बिकाकी सुपुत्री श्रेयषी गुरुङ आफ्नो परिवारसंग प्रवासमा बसेर पनि नेपाली गीतसंगीत प्रति अतिनै रुचि राख्छिन् भने नृत्य र अभिनयमा अब्बल सावित गरिसकेकी छन् ।



'म त ढले ढले' बोलको गीत दर्शक, श्रोतामाझ लोकप्रिय भएसंगै २७ गते आइतवार '९ फेब्रुरी २०२५' युएइमा सम्पन्न 'छैठौ ज्योती फिल्मस म्युजिक अवार्ड २०८१' मा मत ढले ढले गीतबाट श्रेयषी गुरुङले सर्वोत्कृष्ट बालकलाकारको अवार्ड आफ्नो पक्षमा पार्न सफल भएकी छन् । उनले भनेकी छन् 'यस्तो महत्वपूर्ण अवार्ड, सम्मानले आफ्नो काम प्रतिको जिम्मेवारी थपिएको महशूस भैरहेको र आफ्ना अध्यायनलाई बाधा नपर्ने गरि कला यात्रालाई पनि निरन्तरता दिने छु ।'

अभिनय र नृत्य बिधामा राम्रा सम्भावना बोकेका कलाकारहरूले यसैको माध्येमबाट विभिन्न अवसरहरू पाईरहेका हुन्छन् भने देश विदेशको यात्रा गर्दै संसारमा चर्चित हुने अवसर पनि जुटाईरहेका हुन्छन् । त्यसैले पनि होला नयाँ पुस्ताका युवा, युवतीहरू कला क्षेत्रमा बढि आकर्षित हुने गरेको पाईन्छ ।

# 'परालको आगो'मा जोडिए जितु

**काठमाडौं (प्रस)–** कथाकार गुरूप्रसाद मैनालीको कृति 'परालको आगो'मा आधारित रहेर निर्माण हुने फिल्म 'परालको आगो'मा कलाकार जितु नेपाल अनुबन्धित भएका छन् ।

फिल्म निर्माण कम्पनी हरिओम सिने मेकर्सका तर्फबाट निर्माता सुशील पोखरेलले जितुलाई फिल्ममा अनुबन्ध गरेका हुन् । मैनाली कथा पुरस्कार ट्रस्टले केही महिनाअघि हरिओम सिने मेकर्स निर्माता कम्पनीलाई फिल्म निर्माणको मञ्जुरी दिइसकेको छ । 'परालको आगो' मैनालीको कथा संग्रह 'नासो'मा संग्रहित छ ।

निर्माता पोखरेलका अनुसार जितु फिल्मका प्रमुख दुई पात्रमध्ये एक हुन् । 'अर्को प्रमुख पात्र पनि चाँडै फाइनल हुनेछ । यसबाहेक सेकेण्ड लिडका लागि अर्की एक महिला पनि फाइनल हुँदैछिन्', निर्माता पोखरेलले भने, 'चामे,गौंथली र जुठे दमाईको वरिपरि घुम्ने कथामा जितुको क्यारेक्टर चामे र जुठे दमाईमध्ये कुन भन्ने चाहिँ अहिले सस्पेन्समा नै राखेका छौं ।

फिल्ममा संकल्प भुजेलको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी, सत्य-स्वरूपराज आचार्यको संगीत हुनेछ । फिल्मका निर्माण नियन्त्रण नगेन्द्र घिमिरे हुन् ।

फिल्ममा यसअघि नै अभिनेत्री सुहाना थापा फाइनल भइसकेकी छन् । निर्माता पोखेलका अनुसार फिल्मको प्रदर्शन २०८२ मा हुनेछ । यो नाममा ४५ वर्षअघि निर्देशक प्रताप सुब्बाले फिल्म निर्माण गरेका थिए ।

निर्माता पोखरेलले यसपटक लोकेसन, प्रस्तुतीकरण र पटकथालाई फरक किसिमले फिल्ममा प्रस्तुत गर्न लागेको बताए । फिल्ममा निर्देशक लक्ष्मण सुनारको निर्देशन रहने छ । कथा 'परालको आगो' मा दुई पात्र चामे र गौंथलीको झैँझगडालाई प्रस्तुत गरिएको छ ।

निर्माता पोखरेलले यसअघि फिल्महरू 'मैदान', 'जीवनदाता', 'निगरानी', 'जय शिव शंकर', 'लभ सभ', 'राधे' र 'यात्रा' निर्माण गरिसकेका छन् ।

## रंगशाला

### आहा ! पोखरा गोल्डकप

# चर्च ब्वाइजलाई हराउँदै पुलिस फाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइजमाथि कठिन जित निकाल्दै विभागीय टोली नेपाल पुलिस क्लब आहा रारा पोखरा गोल्डकपको फाइनलमा प्रवेश गरेको छ । कास्कीको पोखरास्थित पोखरा रंगशालामा बुधबार सम्पन्न खेलमा पुलिसले चर्च ब्वाइजलाई १-० ले पराजित गर्दै पुलिस उपाधिनजिक पुगेको हो ।

पुलिसको जितमा सञ्जिव लामाले गरेको गोल नै निर्णायक बन्यो । पहिलो हाफ दुवै टोलीले गोलरहित बराबरी खेलेको थियो । तर, ५८औं मिनेटमा सञ्जिवले करिब ३५ यार्डबाट हाफ भली गोल गरे । चर्च ब्वाइजका राजु भूषालले



क्लियर गर्न लागेको बल आफूसमक्ष आएपछि सञ्जिवले माथिल्लो बारतर्फबाट फिनिसिङ गरे । गत संस्करण भने यी दुई टोली क्वार्टरफाइनलमा भिडेका थिए । त्यतिखेर भने चर्च ब्वाइजले पुलिसलाई १-० ले हराउँदै अन्तिम चारमा स्थान बनाएको थियो । उक्त हारको बदला पुलिसले यसपल्ट सेमिफाइनलमा लिएको छ । अब पुलिसले उपाधिका लागि श्री स्टार क्लब र उज्वेकिस्तानको ब्ल्याक बुल्स एफसीबीचको विजेतासँग खेल्ने छ ।

यही फागुन ३ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले नगद रू १२ लाखसहित सिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्दा उपविजेताले रू छ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार पाउनेछन् । यसैगरी प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले स्कुटर पुरस्कार प्रदान गरिनेछ । प्रतियोगितामा विधागत रूपमा सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, गोलरक्षक, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकले जनही रू २५ हजार नगदसँगै ट्रफी पुरस्कार पाउने छन् ।


बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
**शहरी विकास तथा भवन कार्यालय मकवानपुर**
हेटौडा, मकवानपुर

**बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८१/११/०१

यस कार्यालयबाट मिति २०८१/०९/२३ मा तपसिलको E–Bid मार्फत आह्वान भएका बोलपत्रहरूमा रितपूर्वक परेका बोलपत्र मध्य तपसिल उल्लेखित न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रहरूको बोलपत्र प्रस्ताव स्वीकृत गर्ने प्रावधान अनुरूप सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ७ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| 1 | UDBO/MAK/NCB/ WORK/2081/82-21 | Construction of Rapti Na.Pa. ward no.1 office building, Chitwan | Shree Lalit Nirman Sewa, Rapti-05, Chitwan | २९,७८,२८२.१२/- |
| 2 | UDBO/MAK/NCB/ WORK/2081/82-22 | Construction of Pavement road, Retaining structures and other Road Improvement works at various roads of Bhimphedi rural municipality ward no. 4, 5 and 6, Makawanpur | Liyonel Construction Pvt. Ltd., Kathmandu | ६९,७१,९९४.२०/- |
| 3 | UDBO/MAK/NCB/ WORK/2081/82-23 | Construction of Pavement road, Retaining structures and other Road Improvement works at various roads of Bhimphedi rural municipality ward no. 1 and 9, Makawanpur | Liyonel Construction Pvt. Ltd., Kathmandu | ४७,७७,२४४.६२/- |

कार्यालय प्रमुख



**जापानमा रोजगार** कम्पनी : Kuroshio Business Cooperative Asociation

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318709 चलानी नं. ६०२३२९५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Painting work | 2 | 0 | 180000 | १६२,२६५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | ५०,००० | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४



**कतारमा रोजगार** कम्पनी : BUILDERS ADVANCED ENGINEERING CONSTRUCTION CO

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 318671 चलानी नं. ६०२२३२८७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 1000 | ३८,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Reinforce Fitters | 98 | 0 | 1200 | ४५,८०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Seagull Training Center काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः Chemjong Training Center (Belbari moranh) काठमाडौंमा मितिः २०८१ फागुन ९ गते (21th Feb. 2025) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः ramjanaki Training Center janakpur काठमाडौंमा मितिः २०८१ फागुन १० गते (22th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Govt. License No. 1405/074/75
CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, Mobile no : 9813013135 / 9851083561
9802358807 / 9802358802, E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com



**युएइमा रोजगार** कम्पनी : LALI GURANS BEST EVENT MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/30 LT. No. 318769 चलानी नं. ६०२२३२९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 7 | 0 | 800 | ३०,२६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 17 | 0 | 1200 | ४५,४०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com



**साउदीमा रोजगार** कम्पनी : Adwar Al-Khaleej International Contracting Est.

पूर्व स्वीकृति मिति : २०८१/०९/२१ LT. No. 318608 चलानी नं. ६०२३२९५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 8 | 0 | 1000 | ४५,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



TARGET
श्रम ईजाजत नं. ८३३/०६६/०६७
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

# ट्रम्पले बर्खास्त गरे युएसएडका महानिरीक्षक



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी अन्तर्राष्ट्रिय विकास निकाय (युएसएआइडी/युएसएड) का स्वतन्त्र महानिरीक्षकलाई ख्बर्खास्त गरेको अमेरिकी सञ्चारमाध्यमहरूले बुधबार रिपोर्ट गरेका छन्। वासिङ्टन पोस्ट, सिएनएन र अन्यले रिपोर्ट गरेअनुसार पल मार्टिनको बर्खास्त उनको कार्यालयले निकायलाई विघटन गर्ने ट्रम्प प्रशासनको प्रयासको आलोचना गर्ने प्रतिवेदन जारी गरेको एक दिनपछि आएको हो।

ती सञ्चारमाध्यमले ह्वाइट हाउसबाट मार्टिनलाई मंगलबार पठाइएको दुई वाक्यको इमेललाई उद्धृत गरेका छन् । इमेलमा निर्णयको कारण बताइएको थिएन तर उनको पद 'तत्काल लागू हुनेगरी समाप्त' भएको जनाइएको थियो । ट्रम्प प्रशासनले सहायता फ्रिज र स्टप-वर्क अर्डर (रोक्का र काम रोक्ने) लागू गरेपछि ४८ करोड ९० लाख डलरभन्दा बढी खाद्यान्न सहायता बिग्रने वा सम्भावित दुरूपयोगको जोखिममा रहेको उनको कार्यालयको प्रतिवेदनले चेतावनी दिएको थियो । प्रतिवेदनले लामो समयदेखि 'महत्त्वपूर्ण चुनौतीहरू पहिचान गरेको र धोखाधडी, फजुल खर्च र दुरूपयोग रोक्न एजेन्सीको कार्यक्रम सुधार गर्न सिफारिसहरू प्रस्ताव गरेको' बताएको छ । 'तथापि एजेन्सीभर हालैको व्यापक कर्मचारी कटौती... विदेशी सहायता छुटको दायरा र कार्यान्वयनकर्ताहरूसँग अनुमति योग्य सञ्चारबारे अनिश्चितताका साथ मिलेर, युएसएडको करदाताद्वारा वित्त पोषित मानवीय सहायता वितरण र सुरक्षा गर्ने क्षमता कमजोर भएको छ,' प्रतिवेदनमा भनिएको छ ।

ट्रम्पले पहिले नै १८ जना महानिरीक्षकलाई बर्खास्त गरिसकेका थिए । उनीहरू संघीय सरकारका स्वतन्त्र निगरानीकर्ता थिए तर ट्रम्पका पूर्ववर्ती जो बाइडेनले नियुक्त गरेका मार्टिन भने पदमा रहेका थिए । गत महिना आफ्नो दोस्रो कार्यकाल सुरु गरेका ट्रम्पले विश्वका सबैभन्दा धनी व्यक्ति र आफ्ना प्रमुख दाता एलन मस्कको नेतृत्वमा अमेरिकी सरकारका विभिन्न अंगलाई कम गर्न वा विघटन गर्न अभियान सुरु गरेको छ । सबैभन्दा बढी निशाना युएसएडमाथि केन्द्रित छ । यो निकाय करिब १२० देशमा स्वास्थ्य र आपत्कालीन कार्यक्रमहरू सञ्चालन गर्दै विश्वभर अमेरिकी मानवीय सहायता वितरण गर्ने प्रमुख संस्था हो।

युएसएडले ४२ अर्ब ८० करोड डलरको बजेट व्यवस्थापन गर्छ । यो विश्वभर वितरित मानवीय सहायताको ४२ प्रतिशत हो । चीनलगायत प्रतिद्वन्द्वीहरूसँगको प्रभावका लागि संघर्षमा संयुक्त राज्य अमेरिकाका लागि सफ्ट पावरको महत्त्वपूर्ण स्रोतका रूपमा यसलाई हेरिएको थियो ।

ट्रम्प प्रशासनले विदेशी सहायता रोकेको छ, हजारौं अन्तर्राष्ट्रिय आधारित कर्मचारीलाई संयुक्त राज्य अमेरिका फर्कन आदेश दिएको छ र युएसएडका १० हजार कर्मचारीको संख्या करिब ३०० मा घटाउन थालेको छ। श्रमिक युनियनहरूले आक्रमणको वैधतालाई चुनौती दिइरहेका छन् । एक संघीय न्यायाधीशले सप्ताहन्तमा दुई हजार २०० युएसएड कामदारलाई भुक्तान बिदामा राख्ने प्रशासनको योजनामा शुक्रबार रोक लगाउने आदेश दिएका छन् । डेमोक्रेटहरूले व्यवस्थापिकाको स्वीकृतिविना ट्रम्पले सरकारी निकायहरू बन्द गर्नु असंवैधानिक हुने बताएका छन्। *रासस/एएफपी*

अरब लिग प्रमुखले भने

## प्यालेस्टिनीलाई सार्ने कुरा 'अरब विश्वका लागि अस्वीकार्य'

**दुबई–** प्यालेस्टिलाई सार्ने कुरा 'अरब जगत्का लागि अस्वीकार्य' हुने अरब लिगले जनाएको छ । अरब लिगका महासचिव अहमद अबुल घेइतले बुधबार गाजा पट्टी र वेस्ट बैंकबाट प्यालेस्टिनीलाई कुनै पनि प्रकारको विस्थापन गर्ने कुरा अरब जगत्लाई अस्वीकार्य रहेको बताएका हुन् । दुबईमा आयोजित विश्व सरकार शिखर सम्मेलनमा उनले भने, 'आज गाजामा ध्यान केन्द्रित गरिएको छ र भोलि प्यालेस्टाइनलाई यसका ऐतिहासिक बासिन्दाहरूबाट खाली गराउने उद्देश्यका साथ यो वेस्ट बैंकमा सर्ने छ । करिब १०० वर्षदेखि यस विचारसँग लडिरहेका यो अरब समुदायका लागि अस्वीकार्य छ ।'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्यालेस्टिनीहरूलाई गाजाबाट बाहिर निकाल्ने योजनाबारे टिप्पणी गर्दै अबुल घेइतले यस्तो टिप्पणी गरेका हुन्। उनले भने, 'एक शताब्दीको प्रतिरोध गरेका हामी अरब समुदायहरू अब कुनै पनि तरिकाले आत्मसमर्पण गर्ने कुराको पक्षमा लाग्ने छैनौं। *रासस/एएफपी*


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१०/२४ मा दर्ता भएको **प्रा.लि. नं. ३०६६९४/०७९/०८०** को **वाइल्ड फ्लावर इन्भेष्टमेन्ट प्रा.लि.** को मिति २०८१/१०/२९ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

### अमादब्लम मिनि हाईड्रो लि.
**काठमाण्डौ महानगरपालिका-०८**

**दोस्रो वार्षिक साधारण सभाको सूचना**

प्रकाशित मितिः २०८१/११/०१

मिति २०८१/१०/३० गते बसेको यस कम्पनीको संचालक समितिको बैठकको निर्णयाअनूसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, स्थान तथा समयमा निम्न विषयहरूमा छलफल गर्न वस्ने भएकोले सम्पूर्ण शेयरधनी महानूभावहरूलाई उपस्थितिको लागि अनूरोध गरिएको छ ।

**स्थान**: सिद्धार्थ बुटिक होटल, बौद्ध, काठमाडौं
**मिति**: २०८१/११/२४
**समय**: दिनको १:०० बजे

**साधारण प्रस्तावहरू**
१. संचालक समितिको प्रतिवदेन माथि छलफल ।
२. आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गर्ने ।
३. चालू आर्थिक वर्ष २०८१/८२ लेखापरीक्षक नियुक्त गर्ने बारे ।
४. संचालक समिति गठन गर्ने बारे ।
५. विविध सम्बन्धमा ।

**विशेष प्रस्तावहरू**
१. रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तन गर्ने सम्बन्धमा ।
२. नियमावलीको नियम १० संसोधन सम्बन्धमा ।
३. नियमावलीको नियम २७ (२) संसोधन सम्बन्धमा ।
४. नियमावलीको नियम २७ (६) संसोधन सम्बन्धमा ।
५. नियमावलीको नियम २८ संसोधन सम्बन्धमा ।
६. कम्पनी सचिव नियुक्ति सम्बन्धमा ।

**विविध प्रस्तावहरू**:

**दोस्रो वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**
१. वार्षिक साधारण सभाको सूचना तथा संक्षिप्त प्रतिवेदन प्रत्येक शेयरधनीको उपलब्ध ठेगानामा हुलाक/कुरियर/इमेल/मेसेन्जर मार्फत पठाइने छ । वार्षिक साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
२. साधारण सभामा उपस्थित हुँदा प्रवेशपत्र वा शेयर प्रमाणपत्र लिई उपस्थित हुन अनुरोध गरिन्छ ।
३. शेयरधनी महानुभावहरूको उपस्थिती पुस्तिकामा दस्तखत गर्ने शेयरधनी पुस्तिका बिहान ११:३० बजे देखि खुल्ला गरिनेछ ।
४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा सुरू हुन भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय कामकाजको समयमा दर्ता गराई सक्नु पर्ने छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना
**दोस्रो पटक प्रकाशित मितिः २०८१/११/०१**

यस कम्पनीको मिति २०८१/०७/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **टि.डि.आर. बिजनेस हाउस प्रा.लि./**T.D.R. Business House Pvt. Ltd को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **चार किल्ला नेपाल प्रा.लि./**Char Killa Nepal Pvt. Ltd (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०९/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **चार किल्ला नेपाल प्रा.लि./**Char Killa Nepal Pvt. Ltd (**प्रा.लि.नं.**२४४७३७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना
**दोस्रो पटक प्रकाशित मितिः २०८१/११/०१**

यस कम्पनीको मिति २०८१/०६/३० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **कोल्याबोरेटिभ ह्युमन एक्सन फर नेक्स्ट जेनेरेसन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **इनोभेसन नेक्स्ट प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०७/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **इनोभेसन नेक्स्ट प्रा.लि.** (**प्रा.लि.नं.**१६०८६३) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/११/०१

यस बैंकको निक्षेपकर्ता श्री, चन्द्र बहादुर श्रेष्ठको नाती भैरब बहादुर श्रेष्ठको छोरा श्रीमती कृष्ण लक्ष्मी श्रेष्ठको श्रीमान, ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १ बस्ने श्री श्याम बहादुर श्रेष्ठ (ना.प्र.प.न. २८-०१-७१-०४२३५ जारी मिति २०७१/०७/२७) वर्ष ७६ को उमेरमा मिति २०८१/०६/२७ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको श्रीमती कृष्ण लक्ष्मी श्रेष्ठले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै ब्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमतीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा यस प्रा.लि. मा कार्यरत छु भनि **झबरु चौधरी** र **सुजित चौधरी**, सम्भुनाथ ३ सप्तरी घर रहेका बाबु छोराले विभिन्न मानिससंग पासपोर्ट र पैसा लिएको भन्ने सुन्न आएको मा यस प्रा.लि. को गम्भीर ध्यान आकर्षण भएको छ यी दुबैजना यस प्रा.लि. मा कुनै सम्बन्ध नरहेको हुदा यी बाबु छोरा संग आर्थिक कारोबार एवम कुनै पनि कारोबार नगर्न हुन अनुरोध छ । यदि कुनै कारोबार गरिएमा कम्पनी जिम्मेवार हुने छैन । यी मानिसहरू कसैको सम्पर्क मा भए, यस प्रा.लि. लाई जानकारी गराईदिनु भएमा आवश्यक कारबाहीको लागि नेपाल सरकारको प्रचलित कानुन अनुसार प्रक्रिया गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

### वन पैदावार बोलपत्रद्वारा लिलाम विक्री सम्बन्धी सूचना !
**प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/११/०१ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना वमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १०३ को १५००.५१ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ०.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून वमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ वमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**वसन्त सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-६, मकवानपुर**

### अधिकृतवारिशनामा बदर सम्बन्धी सूचना

काठमाडौं जिल्ला अदालतबाट मिति २०७३/१२/४(२९१०) मा का.जि.का.म.न.पा. वडा नं. ३० बस्ने मञ्जेश्वराम श्रेष्ठ (ना.प्र.नं. ७८५ मिति २०४०/४/१३ काठमाडौं) ले ऐ.ऐ. बस्ने सरोज श्रेष्ठ (ना.प्र.नं.०२७३१/५१४५ मिति २०६३/११/२९ (काठमाडौं) लाइ तत्कालिन मुलुकी ऐन अ.व. ७१(क) र ७१(ख) नं. बमोजिम अधिकृत वारिशनामा दिएकोमा तत्कालिन मुलकी ऐन अ.वं. ७१ (ग) तथा हाल प्रचलित मुलुकी देवानी कार्याविधि संहिता २०७४ को दफा १५५(ग) बमोजिम उक्त अधिकृत वारिशनामा बदर गरिएको छ । मितिः २०८१/११/०१

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना
**दोस्रो पटक प्रकाशित मिति २०८१/११/०१ गते**

**बिटल रेष्ट्रो एण्ड बार**को मिति २०८१/१०/०२ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय वमोजिम साविक कम्पनी **(सेकुवा ग्रीन प्रा.लि.)** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बिटल रेष्ट्रो एण्ड बार (प्रा.लि. नं. १७८५०७)** कायम गरी मिति २०८१/१०/०४ को कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### युएईमा रोजगार
कम्पनी : INNOVO ROADS INFRASTRUCTURE & MARINE WORKS - SOLE PROPRIETORSHIP L.L.C.
पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318789 | चलानी नं. ६०२३२९४२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete mason | 25 | 0 | 1200 | ४५,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction carpenter | 5 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 3 | Electricians | 1 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 4 | Pipe fitters | 4 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 5 | Plumber | 1 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 6 | Road maintenance technician | 10 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 7 | Road repairing worker | 5 | 0 | 1200 | ४५,१५० | | | | | | | |
| 8 | Stocker | 2 | 0 | 1200 | ४५,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

### युएइ/साउदीमा रोजगार
कम्पनी : AL KAABI TRANSPORT LLC
पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318733 | चलानी नं. ६०२३२९१८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forklift Drivers | 1 | 0 | 1800 | ६७,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Driver | 1 | 0 | 2000 | ७५,२५० | | | | | | | |
| 3 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६७,७२५ | | | | | | | |
| 4 | light vechile driver | 2 | 0 | 1500 | ५६,४३५ | | | | | | | |

कम्पनी : Hamad Nayef Khalaf Al Shamri Establishment for Beverage Services
पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | LT. No. 318648 | चलानी नं. ६०२३२८६८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage Controller | 2 | 0 | 1500 | ५५,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951
श्रम इजाजत नं. ७९७/०६४/०६६

### साउदीमा रोजगार
कम्पनी : AASIA STEEL FACTORY NUMBER TWO
पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | LT. No. 318656 | चलानी नं. ६०२३२९१३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP LABOUR / WORKER | 5 | 0 | 1000 | ३६,८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308
श्रम इजाजत नं. १५०/०५६/५७

### साउदीमा रोजगार
कम्पनी : Farooj Al Houd Restaurant
पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318757 | चलानी नं. ६०२३२९३६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 2 | 0 | 1300 | ४७,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

KOPERASI INTERNATIONAL PVT. LTD.
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9848172662, Email: Koperasi227@gmail.com
Govt. License 1287/074/75

### कुवेतमा रोजगार
कम्पनी : Abukhamseen General Trading Co./Emad Bukhamseen & Partners
पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318712 | चलानी नं. ६०२३२९२६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 4 | 0 | 110 | ४९,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Supreme Overseas Pvt. Ltd.
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202,Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम इजाजत नं. ३०१/०५९/०६०

### ओमनमा रोजगार
कम्पनी : SALEH BIN MOHAMMED BIN SALEH AL JABRI TRAD. EST
पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | LT. No. 318715 | चलानी नं. ६०२३२८९६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Motorcycle Salesman | 1 | 0 | 160 | ५७,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Kinetic H.R. Solution 'Access Partners Nepal' Pvt. Ltd.
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899, E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np
Gov.Lic.No.: 1101/073/074

### ओमनमा रोजगार
कम्पनी : AHOOD ALWED SPC
पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | LT. No. 318675 | चलानी नं. ६०२३२८९३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIR STYLIST (F) | 0 | 1 | 170 | ६१,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

### बहराइनमा रोजगार
कम्पनी : BU ALI SPICE CO.W.L.L.
पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318718 | चलानी नं. ६०२३२९२४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 11 | 0 | 110 | ४०,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 4 | 2 | 140 | ५१,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

### कतारमा रोजगार
कम्पनी : HAYA AL REEM TRADING CONTRACTING CLEANING AND SERVICES
पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | LT. No. 318614 | चलानी नं. ६०२३२९१४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN. CLEN. WORKER | 1 | 3 | 1300 | ४९,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ८ गते (20th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

### कुवेतमा रोजगार
कम्पनी : SMART CLEAN FOR GENERAL TRADING CO.
पूर्व स्वीकृति मिति : २०८०/०३/०८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८१/१०/२७ | LT. No. 286888 | चलानी नं. ६०२०२४११

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANING LABOR | 0 | 5 | 130 | ५८,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन ५ गते (17th Feb. 2025) मा हुनेछ ।
(नोट : यस सूचना मितिः २०८१ फागुन २८ गते (10th Feb. 2025) मा प्रकाशन हुनुपर्नेमा प्राविधिक समस्या भएकोले आज प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।)

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Sulav Recruitment Pvt.Ltd.
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com
Govt. License No. 1336/074/075

## वर्गीकृत विज्ञापन संकलन काउन्टर


पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६९५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| १६७५०० | ० | १९३० |



**भक्तपुरमा पर्यटक** | विभिन्न देशबाट नेपाल घुम्न आएका विदेशी पर्यटक भक्तपुरमा बिक्रीका लागि राखिएको पौभाचित्र अवलोकन गर्दै। *तस्बिरः प्रदीपराज वन्त/रासस*

नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठक

# अन्तरदेशीय प्रसारणलाइन निर्माणको 'मोडालिटी'मा सहमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल र भारतबीच अन्तरदेशीय प्रसारण लाइन निर्माणको मोडालिटीमा सहमति भएको छ । नेपालबाट भारत र बंगलादेशमा सन् २०३५ सम्म १५ हजार मेगावाट विद्युत् निर्यातका लागि आवश्यक प्रसारण लाइन निर्माणका लागि मंगलबार भारतको नयाँदिल्लीमा नेपाल र भारतबीच सचिवस्तरीय बैठकमा प्रसारण लाइन निर्माण 'मोडालिटी'बारे सहमति भएको हो ।

नेपाल र भारतबीच भएको सचिवस्तरिय बैठकमा नेपालका ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्य र भारतको विद्युत् मन्त्रालयका सचिव पंकज अग्रवालले सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । दुई देशको सचिवस्तरीय वार्ता र सहमतिसँगै अब प्रसारण लाइन निर्माणको प्रक्रिया अगाडि बढ्नेछ ।

यसअघि गत कात्तिक १८ देखि २१ गतेसम्म उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले भारत भ्रमणका क्रममा अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि भारत सरकारका मन्त्रीहरूसँग छलफल गरेका थिए । सोही भेटमा मन्त्री खड्काले भारतले १० वर्षमा १० हजार मेगावाट विद्युत् खरीद सम्झौता गरिसकेको भन्दै उक्त विद्युत् आपूर्तिका लागि प्रसारण लाइन निर्माणको कामलाई द्रुत गतिमा बढाउनुपर्ने बताएका थिए ।

उक्त भेटसँगै प्रसारण लाइन निर्माणलाई अगाडि बढाउन यहि माघ ९ गते नेपाल र भारतका उर्जा सहसचिवस्तरिय कार्यदलको १२ औं बैठक बसेको थियो । उक्त बैठकमामा अन्तरदेशीय प्रसारण लाइन निर्माण हुने र विद्युत् आयात तथा निर्यातलाई थप सहज बनाउने सहमति भएको थियो । सोही



सहमति दुई देशबीचका सचिवस्तरीय बैठकले अनुमोदन गरेको छ ।

सहसचिवस्तरिय बैठकमा नेपाल र भारतबीचको मौजुदा विद्युत् प्रसारण लाइन, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइन, भारतीय लगानीका विभिन्न जलविद्युत् आयोजना तथा सम्बद्ध प्रसारण लाइन आयोजना र अन्तरदेशीय विद्युत् आयात-निर्यातका विषयमा छलफल भएको थियो ।

सचिवस्तरिय बैठकमा नेपालको इनरुवादेखि भारतको पूर्णिया र नेपालको दोधारादेखि भारतको बरेलीसम्म ४०० केभीका दुई प्रसारण लाइन निर्माणकार्य सन् २०३० सम्म सम्पन्न गर्ने सहमति भएको छ । उक्त प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेशन लिमिटेडको सेयर स्वामित्व रहने गरी दुवैतर्फ संयुक्त कम्पनी स्थापना हुनेछ ।

दुई देशबीचको सम्झौतापछि नेपालतर्फ रहने संयुक्त कम्पनीमा नेपालको ५१ प्रतिशत र भारततर्फ रहने कम्पनीमा भारतको ५१ प्रतिशत सेयर स्वामित्व रहने छ । दुवैतर्फका कम्पनीमा बाँकी ४९ प्रतिशत सेयर स्वामित्व अर्को देशको रहने व्यवस्था गरिएको छ ।

यसैगरी चमेलिया-जौलजीवी २२० केभी डबल सर्किट प्रसारण लाइनको डिपिआर सन् २०२५ सम्म सम्पन्न गरिने सहमति भएको छ । यस्तै ढल्केवर-मुजफ्फरपुर प्रसारण लाइनको क्षमता ८०० मेगावाटबाट बढाएर एक हजार मेगावाट पुऱ्याउने सहमति भएको हो । यस्तै सन् २०३५ सम्ममा ४०० केभी निजगढ-मोतिहारी र कोहलपुर-लखनउ प्रसारण लाइन निर्माण सम्पन्न गरिने सहमति भएको छ । उक्त सहमतिलाई दुई देशबीचको सचिवस्तरिय बैठकले अनुमोदन गरेको छ ।

यसअघि नेपाल र भारतबीच १० वर्षमा १० हजार मेगावाट निर्यातका लागि दीर्घकालीन विद्युत् व्यापार सम्झौता भएको छ भने बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात सुरु भइसकेको छ । उक्त बैठकमा सचिव आचार्यसँगै नेपालका तर्फबाट मन्त्रालयका सहसचिव सन्दिपकुमार देव, विद्युत् विकास विभागका महानिर्देशक नविनराज सिंह, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्राधिकरणका नायव कार्यकारी निर्देशक दिर्घायुकुमार श्रेष्ठलगायत सहभागी थिए ।

## ऊर्जामन्त्री खड्का र भारतका विद्युत्मन्त्री खट्टरबीच भेट

**काठमाडौं (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टरबीच भेटवार्ता भएको छ । इण्डिया इनर्जी वीक-२०२५' मा भाग लिन भारतको नयाँदिल्ली पुगेका मन्त्री खड्काले बुधबार भारतका समकक्षी खट्टरसँग भेटवार्ता गरेका हुन् ।

ऊर्जामन्त्री खड्काले गत नोभेम्बर ५ मा नयाँदिल्लीमा भारतका विद्युत्मन्त्री खट्टरसँग भएको भेटमा इनरुवा-पूर्णिया र दोदोधारा-बरेली ४०० केभी अन्तरदेशीय प्रसारण लाइन निर्माण प्रारूपमा सहमति गरेका थिए । उक्त प्रसारण लाइन अगाडि बढाउन यही माघ ९ गते दुई देशबीचको सहसचिवस्तरीय बैठक र माघ २९ गते सचिवस्तरिय बैठक बसेर प्रारूपबारे सहमति भएकोमा भारतीय विद्युत्मन्त्रीलाई उर्जामन्त्री खड्काले धन्यवाद दिए ।

# एलपी ग्यास उद्योगीको आन्दोलन स्थगित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल एलपी ग्यास उद्योग संघले विभिन्न माग राखेर बिहीबारदेखि गर्ने भनिएको आन्दोलन स्थगन गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको छलफलपछि संघले आन्दोलन स्थगित गरेको हो ।

उद्योगमन्त्री दामोदर भण्डारीसहित नेपाल आयल निगमका सञ्चालक समिति पदाधिकारी तथा कर्मचारी र संघका पदाधिकारीबीच भएको छलफलमा संघले राखेका जायज माग सम्बोधन गर्ने सहमति भएपछि आन्दोलन स्थगित गरिएको नेपाल एलपी ग्यास उद्योग संघले जनाएको छ ।

संघले आन्दोलन घोषणा गरेपछि मन्त्री भण्डारीले निगम र संघका पदाधिकारीलाई छलफलका लागि बोलाएका थिए । उनले संघले राखेकामध्ये जायज माग सम्बोधन गर्ने आश्वासन दिए ।

संघले लागतअनुसार बजार मूल्य वृद्धि गर्नुपर्नेलगायत विभिन्न माग राखेर आन्दोलनको घोषणा गरेको थियो । संघले छ वर्षअघि समायोजन गरिएको मूल्यमा अहिले पनि ग्यास वितरण भइरहेकाले घाटा बेहोर्नुपरिरहेको भन्दै मूल्य समायोजनको माग राख्दै आएको छ ।

मन्त्रालयले केही समय पहिला वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेलको संयोजकत्वमा समिति बनाएको थियो । समितिले पेस गरेको प्रतिवेदनको थप अध्ययन गर्न समय लाग्ने भएकाले संघको आन्दोलन १५ दिनका लागि स्थगित गरिएको आयल निगमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिए ।

## आयल निगममा धर्ना दिंदै पेट्रोलियम व्यवसायी महासंघ

**काठमाडौं (प्रस)–** नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघले विरोधका कार्यक्रमहरू सार्वजनिक गरेको छ । बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै महासंघले विरोधका कार्यक्रम सार्वजनिक गरेको हो । फागुन १ गतेदेखि नेपाल आयल निगम लिमिटेडको केन्द्रीय कार्यालयमा धर्ना र प्रदर्शन गर्ने महासंघले जनाएको छ । त्यस्तै २ गतेदेखि पी.डी.ओ. नलिने र ५ गतेदेखि सबै डिपोहरूमा ट्यांकरको साँचो निगममा बुझाई ट्यांकर लोड/अनलोड नगराउने तर निगम स्वयंले सञ्चालन गर्न चोह ट्यांकर उपलब्ध गराउने जानकारी दिएको छ ।

महासंघका अध्यक्ष मनोजकुमार दासले महासंघले गत पुस २३ गते आयल निगम लगायत मन्त्रालयलाई पत्राचार गरी जानकारी गराएको तर सरकारले नसुनेको आरोप लगाए । १७ पटकसम्म ज्ञापनपत्र बुझाउँदा पनि माग सम्बोधन नभएको र विशेष गरी ढुवानी भाडा समायोजन नगरेको आरोप उनले लगाए । उनले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले जायज माग सम्बोधन गर्न निर्देशन दिंदा पनि सुनुवाइ नभएको बताए ।

# 'बैंक तथा वित्तीय संस्थाले ऋणीको धितो लिलामी प्रक्रिया पारदर्शी बनाउनुपर्छ'

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)–** बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलाम गर्दा कानुनी र विश्वसनीय ढंगले गर्नुपर्ने एक कार्यक्रमका वक्ताहरूले बताएका छन् । जिल्ला प्रशासन कार्यालय पर्साको समन्वयमा आयोजित बैंक तथा वित्तीय संस्थाका प्रादेशिक प्रमुख तथा प्रतिनिधिसँगको अन्तरसंवाद कार्यक्रमका वक्ताहरूले बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलाम गर्दा देखावटी रूपमा मात्रै नभएर विश्वसनीय ढंगले गर्नुपर्ने बताएका हुन् ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलाम गर्दा पारदर्शिता र विश्वसनीयता कायम गर्नुपर्ने बताए । 'धितो स्वीकार गर्ने बेला रु ५० लाख मूल्यांकन भएको सम्पत्ति लिलाम गर्नुपर्दा भने रु २८-३० लाख मूल्यांकन गर्ने प्रक्रियालाई सुधार गर्न जरुरी भइसकेको छ', उनले भने, 'धितो स्वीकार गर्दा इञ्जिनियरसहितको प्रयोग गरेको देखिन्छ तर, लिलाम गर्दा सो प्रक्रिया किन नअपनाइएको हो? यो विषयमा पनि सुधार गर्न आवश्यक भइसकेको छ ।'

प्रजिअ अर्यालले धितो लिलाम गर्दा पहिला बनिबनाउ तीन-चार व्यक्ति लगेर प्रक्रिया मात्रै मिलाउने प्रवृत्तिमा सुधार गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिए । 'बैंक तथा वित्तीय संस्थाले कानुनी प्रक्रिया मात्रै पूरा गरेका देखिन्छन्', उनले भने, 'असल नियत र खराब नियतका ऋणीलाई एउटै नजरले हेर्न हुँदैन । व्यवहारिक र पारदर्शीतालाई पनि ध्यान दिन जरुरी छ ।'

नेपाल राष्ट्र बैंक वीरगञ्जका निर्देशक सुशील पौडेलले बैंक तथा वित्तीय संस्थाले ऋण प्रवाहमा मात्रै ध्यान नदिएर ऋण दिएपछि पनि ऋणीको निरन्तर अनुगमन गर्नुपर्नेमा जोड दिए । 'धेरै ऋण प्रवाह गर्नेतर्फ मात्रै ध्यान केन्द्रित गर्नुहुँदैन', उनले भने, 'जुन प्रयोजनको लागि ऋण लिएको हो । सोही प्रयोजनमा प्रयोग भयो कि भएन भन्नेतर्फ पनि सचेत हुन जरुरी छ ।'

वीरगञ्ज बैंक तथा वित्तीय संस्था समूहका संयोजक रोहिणी आचार्यले राष्ट्र बैंकको नीति र निर्देशिका अनुसार सञ्चालन हुँदै आइएको बताए । 'केही संस्थाले गरेका गल्ती र कमजोरीलाई देखाएर अन्यलाई खराब भन्न हुँदैन', उनले भने, 'पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको ऋण उठाउन समस्या भइरहेको छ । अर्कोतर्फ संस्थाका कर्मचारीलाई पनि भौतिक आक्रमण भएकोतर्फ सचेत गराउन चाहान्छु ।'

नेपाल राष्ट्र बैंक वीरगञ्जका सहायक निर्देशक नरेशकुमार सर्राफले पछिल्लो समय ऋण असुलीमा चुनौती थपिँदै गइरहेको बताए । 'बैंक तथा वित्तीय संस्थाले ऋणीको धितोबापतको सम्पत्ति लिलामी गर्दा पारदर्शिता अपनाउनु पर्दछ', उनले भने । पर्साका प्रहरी प्रमुख गौतम मिश्रले प्रहरीमा पछिल्लो समय आर्थिक अपराधका गतिविधिसम्बन्धी उजुरी आउने क्रम बढेको बताए ।

# सिटिजन्स बैंक र वात्सल्य नेचुरल आइभिएफबीच समझदारी

■ प्रभाव संवाददाता



**काठमाडौं–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र वात्सल्य नेचुरल आईभीएफबीच सम्झौता भएको छ । सम्झौताअनुसार वात्सल्यमा सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने सम्झौता भएको हो ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइलबैंकिङ्ग ग्राहकहरूले वात्सल्य नेचुरल आईभीएफमा १० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहक मैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । विश्वकै प्रतिष्ठित अवार्ड 'बैंक अफ द ईयर २०२४' को उपाधि प्राप्त गर्न सफल भएको बैंकले केही समय अघि मात्र फोनपे सँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९८ वटा शाखा, १६३ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ७४ वटा शाखारहित बैंकिङ्ग ईकाइहरूबाट १८ लाख ५० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ